# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ५४ | काठमाडौं | शुक्रबार, १ असार २०८० | Prabhab National Daily | Friday, June 16, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


# प्रधानन्यायाधीश नियुक्तिको टुंगो आज

- संसदीय सुनुवाइ समितिको बैठक आज बिहान ८ बजेपछि बस्दै
- समितिले अनुमोदन गरे प्रधानन्यायाधीश नियुक्त हुने



## प्रस्तावित प्रधानन्यायाधीश कार्कीको 'आधार कार्ड'

■ जेबी योञ्जन

**काठमाडौं-** देशको २९औं प्रधानन्यायाधीशमा प्रस्तावित कायममुकायम प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले न्यायालयको आमूल सुधारका कार्ययोजना अघि सारेका छन् । उमेर हदका कारण भने कार्कीको न्याय सेवाबाट अवकाशमा जाने बेला हुन लागेको छ । यहीबेला प्रधानन्यायाधीशको अनुमोदन प्रक्रियामा रहेका उनले बिहीबार संसदीय सुनुवाइ समितिमा २० पृष्ठको कार्ययोजना प्रस्तुत गरे ।

न्यायमा पहुँच अभिवृद्धि गर्ने, न्याय पाउने झन्झटिलो प्रक्रियालाई सहज बनाउने, भ्रष्टाचारको सूक्ष्म अनुगमन गर्ने र बिचौलिया नियन्त्रण गर्न छुट्टै संयन्त्र बनाउने कार्कीको कार्ययोजना छ ।

यीबाहेक मुद्दाको फर्स्योट दर बढाउने, आर्थिक रूपमा विपन्न र असहाय व्यक्तिहरूलाई नि:शुल्क कानुनी सेवा दिने, महिलासँग सम्बन्धित तथा पारिवारिक प्रकृतिका विवादहरूको शीघ्र निरूपण गर्न छुट्टै पारिवारिक अदालतको स्थापना गर्न सम्भाव्यता अध्ययन

- न्यायमा पहुँच अभिवृद्धि गर्ने
- न्याय पाउने प्रक्रियालाई सहज बनाउने
- भ्रष्टाचारको सूक्ष्म अनुगमन गर्ने
- बिचौलिया नियन्त्रण गर्न छुट्टै संयन्त्र बनाउने
- मुद्दाको फर्स्योट दर बढाउने
- विपन्न र असहायहरूलाई नि:शुल्क कानुनी सेवा दिने
- पारिवारिक अदालतको स्थापना गर्न सम्भाव्यता अध्ययन गर्ने
- न्यायाधीश नियुक्ति प्रक्रियालाई पारदर्शी बनाउने
- न्यायाधीश तथा कर्मचारीको आचारसंहिता कार्यान्वयनमा कडाइ गर्ने
- न्यायाधीशको नियुक्ति, सरूवा, बढुवा र वृत्तिविकासमा कार्यसम्पादनलाई आधार बनाइने

गर्ने पनि कार्कीको कार्ययोजनामा उल्लेख छ ।


हुन त अघिल्ला प्रधानन्यायाधीशहरूले पनि मुद्दाको फर्स्योट दर बढाउने कार्ययोजनामा अघि सार्थे । तर, बर्सेनि फर्स्योट हुन बाँकी मुद्दाको संख्या घट्ने त होइन, हजारौं थपिने गरेका छन् । यद्यपि, प्रस्तावित (बाँकी पृष्ठ २ मा)

# 'वान एक्स बेट' प्रमोसनको आरोपमा ८ कलाकार पक्राउ

■ प्रभाव संवाददाता

**काठमाडौं-** अनलाइन जुवा 'वान एक्स बेट'को प्रवर्द्धन गरेको आरोपमा प्रहरीले केही कलाकार र युटचुबरलाई पक्राउ गरेको छ । बिहीबार प्रहरीले हास्य टेलिशृंखला मेरी बास्सैबाट चर्चामा आएका मरिचमान श्रेष्ठ 'बल्छी धुर्वे' देखि बेगम नेपाली 'भटभटे माइला'सम्मलाई पक्राउ गरेको हो । प्रहरीको नियन्त्रणमा पर्नेमा प्रचांक गर्दै चर्चामा आएका एलिस राईदेखि विभिन्न भिडियो जोडेर समसमायिक हास्यस्पद भिडियो बनाउने जलन घर्तीमगरसम्म छन् ।

प्रहरीका अनुसार अनलाइन जुवा प्रवर्द्धनमा प्रोत्साहन गरेको पाइएपछि उनीहरूलाई पक्राउ गरिएको हो । 'वान एक्स बेट हाम्रोमा गैरकानुनी हो । यो अनलाइन जुवा हो । खेल्न, खेलाउन पाइँदैन । खेलाउने र खेल्नेबीचमात्र हैन । यो खेल्नलाई प्रोत्साहन गर्ने मान्छेहरूको पनि उस्तै हात हुने हाम्रो अनुसन्धानमा देख्यो,' काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी उपरीक्षक (एसपी) रवीन्द्र रेग्मीले भने, 'यसैले वान एक्स बेटको प्रमोसन गर्नेहरूको पनि अनुसन्धान गरिरहेका थियौं । र, यसको आधारमा हामीले आठ जनालाई पक्राउ गरेका छौं । जसले विभिन्न माध्यमबाट वान एक्स बेटलाई प्रमोसन गर्ने प्रोमोकोडहरू राखेर प्रमोसन गरेका थिए ।'



> वान एक्स बेट हाम्रोमा गैरकानुनी हो । यो अनलाइन जुवा हो । खेल्न खेलाउन पाइँदैन । खेलेमा जुवा ऐन र राष्ट्र बैंक ऐन कसूर यसमा आकार्षित हुन्छ ।
>
> ■ **रवीन्द्र रेग्मी**
> प्रहरी प्रवक्ता

### पक्राउ पर्नेमा 'म्याकुरी'देखि 'राजु मास्टर'सम्म

वानएक्सबेट प्रकरणमा बल्छी धुर्वेका नामले चिनिने मरिचमान श्रेष्ठ, म्याकुरीका नामले चर्चित पवन खतिवडा, राजु पौडेल (राजु मास्टर), सरोज घिमिरे (ढेडु बूढो), बेगम नेपाली (भटभटे माइला), एलिस राई पक्राउ परेका छन् । त्यस्तै, चर्चित युटचुबर जलन घर्तीमगर, गणेश देवकोटा पनि प्रहरी हिरासतमा छन् । आफ्नो युटचुब भिडियोमा वानएक्स बेटको प्रोमो राखेर प्रचार गरेको पाइएपछि कलाकारहरूलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

'उनीहरूले प्रमोसन गरेबापत वान एक्स बेटबाट निश्चित कमिसन प्राप्त गर्ने हाम्रो अनुसन्धानबाट देखिन्छ । बेटिङमा प्रमोसन गर्नेहरू सेलिब्रेटी स्टाटस भएकाहरू, धेरै भ्युज र सुन्ने मान्छे भएका कारणले यति धेरै मान्छे प्रोत्साहित हुन्छन्,' कार्यालयका एसपी रेग्मीले भने, 'धेरै सब्स्क्राइबर र भ्युज भएकाले जुवा खेल्नेहरूले पनि सेलिब्रेटी स्टाटस भएकालाई प्रयोग गर्छन् ।' पक्राउ परेका कलाकारहरूलाई जिल्ला अदालत काठमाडौंले चार (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

### साउदीमा अत्यधिक गर्मी

# दिउँसो खुला ठाउँमा काम लगाउन प्रतिबन्ध

■ प्रभाव संवाददाता

**काठमाडौं-** साउदी अरेबियामा तापक्रम उच्च भएसँगै त्यहाँको सरकारले श्रमिकलाई दिउँसो खुला स्थानमा काम लगाउन प्रतिबन्ध लगाएको छ । त्यहाँको मानव संसाधन तथा सामाजिक विकास मन्त्रालय (एमएचआरएसडी)ले सबै निजी क्षेत्रका कम्पनी र प्रतिष्ठानहरूलाई सूचित गर्दै आफ्ना श्रमिकलाई दिउँसो चर्को घाममा काम लगाउन प्रतिबन्ध लगाएको जनाएको छ ।

मन्त्रालयले बिहीबार (जुन १५) देखि लागू गरेको उक्त प्रतिबन्ध आगामी सेप्टेम्बर १५ (तीन महिना)सम्म कायम रहनेछ जानकारी दिइएको छ । मन्त्रालयले दिएको निर्देशनअनुसार रोजगारदाताले दिउँसो १२ देखि ३ बजेसम्म तीन घण्टा श्रमिकलाई खुला ठाउँको काममा लगाउन पाउने छैनन् । मन्त्रालयले राष्ट्रिय व्यावसायिक सुरक्षा तथा स्वास्थ्य परिषद्को समन्वयमा खुला काममा प्रतिबन्ध लगाउने व्यवस्था गरेको उल्लेख छ । मानव संसाधनमन्त्री अहमद अल-राजीको निर्णयानुसार निजी क्षेत्रका कामदारहरूको सुरक्षा र स्वास्थ्यको संरक्षण गर्ने उद्देश्यका साथ प्रत्यक्ष घाममा गर्ने खुला काममा प्रतिबन्ध लगाइएको हो ।

उक्त निर्णयले निजी क्षेत्रका उद्यमहरूलाई आफ्ना कामदारलाई स्वस्थ र सुरक्षित कार्य वातावरण प्रदान गर्न र सूर्यको प्रकाश र गर्मीको तनावबाट हुने कुनै पनि जोखिम तथा हानिबाट जोगाउने मन्त्रालयको भनाइ छ । सरकारले विभिन्न पेसाजन्य जोखिमबाट सुरक्षित काम गर्ने वातावरण बनाउने प्रयास गरेकोले कार्यघण्टा मिलाउन र निर्णयानुसार कार्यान्वयन गर्न मन्त्रालयले रोजगारदाताहरूलाई आग्रह गरेको छ । मन्त्रालयले आफ्नो वेबसाइटमा सूर्यको प्रभाव र गर्मीको थकानबाट बच्न पेसागत सुरक्षा र स्वास्थ्यका लागि प्रक्रियागत गाइडसमेत प्रकाशित गरेको छ । यस निर्णयको कुनै उल्लंघन भएमा कानुनी कारबाही गर्ने जानाउँदै रोजगारदाताले कुनै कामदारलाई बाहिर प्रत्यक्ष घाममा काम गर्न लगायो वा जबरजस्ती गरेमा ग्राहक सेवा फोन नम्बर १९९११ मार्फत सूचित गर्न मन्त्रालयले आग्रह गरेको छ ।

खाडी मुलुक साउदीमा दिउँसोको समयमा ५० डिग्री सेन्टिग्रेडभन्दा बढी तापक्रम पुग्ने गरेको छ । यस्तो समयमा सूर्यको प्रत्यक्ष प्रकाशमा काम लगाउँदा श्रमिकमा विभिन्न स्वास्थ्य समस्या देखिने गरेको जानकारहरू बताउँछन् । मन्त्रालयको यस निर्णयसँगै साउदीस्थित नेपाली दूतावासले पनि अत्यधिक गर्मी तथा सूर्यको तापमा खुला ठाउँमा काम नगर्न र सुरक्षित रहन नेपाली श्रमिकहरूलाई आग्रह गरेको छ । नेपालको प्रमुख रोजगार गन्तव्यमध्येको एक साउदीमा अत्यधिक गर्मीका कारण थुप्रै नेपाली श्रमिकले ज्यान गुमाउने गरेको विभिन्न रिपोर्टहरूले देखाएको छ ।

# विभागको सेवा आजदेखि ताहाचलबाट

काठमाडौं (प्रस)- वैदेशिक रोजगार विभागको कार्यालय ताहाचलमा सारिएको छ । आज (शुक्रबार)देखि विभागको सम्पूर्ण सेवा ताहचलबाट प्रवाह हुनेछ । यसअघि विभागले एक सूचना जारी गर्दै जेठ २१ गतेदेखि आंशिकरूपमा र असार १ गतेबाट सम्पूर्ण सेवा ताहचलबाट प्रवाह गर्ने जनाएको थियो ।

विभागलाई पूर्णरूपमा सेवा दिनेगरी ताहाचलस्थित वैदेशिक रोजगार कार्यालय रहेको स्थानमा सारिएको विभागका




निर्देशक एवं सूचना अधिकारी गुरुदत्त सुवेदीले जानकारी दिए । 'अब विभागबाट हुने वैदेशिक रोजगारसम्बन्धी सम्पूर्ण गतिविधिहरू वैदेशिक रोजगार कार्यालयपरिसरभित्रैबाट हुनेछ,' उनले भने । यसअघि विभागले काठमाडौंको बुद्धनगरमा रहेको हिमालयन सीमापार व्यापार संघको भवन भाडामा लिएर सेवा प्रवाह गर्दै आएको थियो । पार्किङलगायत भौतिक संरचनासमेत अपुग रहेका कारण वैदेशिक रोजगार कार्यालय परिसरमा विभागलाई सारिएको बताइएको छ ।

यस्तै विभागको कार्यालय ताहचलमा स्थानान्तरणका क्रममा अनलाइन सेवा प्रवाह आंशिक तथा पूर्णरूपमा अवरोध हुनसक्ने विभागले जनाएको छ । विभागले बिहीबार एक सूचना जारी गर्दै अनलाइन सेवाका लागि बिहीबार बेलुका सर्भर तथा अन्य उपकरण सार्ने कार्य हुने भएकाले विभाग र वैदेशिक रोजगार कार्यालयको वेवसाइटको सेवा प्रवाह अवरोध हुनसक्ने जनाएको छ ।




# मुख्यसचिवमा डा. अर्याल नियुक्त



**काठमाडौं (प्रस)–** सरकारले मुख्यसचिवमा डा. वैकुण्ठ अर्याललाई नियुक्त गरेको छ। सिंहदरबारमा बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव डा. वैकुण्ठ मुख्यसचिव पदमा नियुक्त गर्ने निर्णय गरेको हो।

डा. अर्याल यसअघि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलगायतमा सचिव थिए। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सचिव तथा राष्ट्रिय योजना आयोगमा लामो समय काम गरेका उनी हालसम्म कुनै विवादमा परेका छैनन्।

नेपाल सरकारका सचिवहरूमध्ये शीर्ष स्थानमा रहेका उनी यही असार ३ गतेबाट अनिवार्य अवकाशमा जाँदै थिए। निवर्तमान मुख्यसचिव शंकरदास बैरागी भने आगामी असोजबाट अनिवार्य अवकाशमा जाने थिए। सरकारले बैरागीलाई राजीनामा गराई डा. अर्याललाई मुख्यसचिव बनाएको हो। अब डा.अर्यालले तीन वर्ष प्रशासनिक नेतृत्व गर्ने छ। सरकारले बैरागीलाई राष्ट्रिय सुरक्षा परिषद्को सल्लाहकारमा नियुक्त गर्ने निर्णयसमेत गरेको छ।

## 'वान एक्स बेट'...

पृष्ठ १ बाट जारी

दिनसम्म थुनामा राखेर अनुसन्धान गर्न समय दिएको छ।

### ६४ करोडको कारोबारी प्रहरीको नियन्त्रणमा

प्रहरीले बुधबार कैलालीका ३० वर्षे दिनेश खड्कासहित पाँच जनालाई नियन्त्रणमा लिएको थियो। नेपालबाटै अनलाइन जुवादेखि क्रिप्टो कारोबार गर्ने मुख्य व्यक्तिमध्येका दिनेश एक भएको प्रहरीको दाबी छ। विभिन्न बैंक खाताबाट खड्काले विभिन्न समयमा ६४ करोड रूपैयाँको कारोबार गरेको तथ्य भेटिएको प्रहरीको तर्क छ।

खड्काले रामविलास थारु, तेजबहादुर कठायत, नविन चौधरी, अनिता धितालको कागजपत्र प्रयोग गरेर ६३ वटा बैंकमा खाता खोलेको अनुसन्धानमा देखिएको छ। खड्काले यसरी १२ वटा बैंकबाट ६४ करोडको कारोबार गरेको देखिएको प्रहरीले जनायो। खड्कासँगै उनकी २८ वर्षीया श्रीमती अनिता धिताल, भक्तपुरको मध्यपुर ठिमी-४ बस्ने २७ वर्षीय दीपेश श्रेष्ठ, कञ्चनपुर घर भई बुद्धनगर बस्ने २५ वर्षीय दिनेश चन्द र नुवाकोट घर भई नागार्जुन बिसी क्याप स्किल बस्ने २४ वर्षीय आशिष लामिछाने पनि पक्राउ परेका छन्। दीपेशले पाँच करोड ५४ लाख ६६ हजार रूपैयाँ, दिनेश चन्दले प्रभु बैंकबाट ४५ लाख र आशिष लामिछानेले विभिन्न बैंकको खाताबाट दुई करोड ९८ लाख ९६ रूपैयाँभन्दा बढीको कारोबार गरेको खुलेको छ। उनीहरूसँग ७४ करोड १३ लाख ५० हजार रूपैयाँको कारोबार भएको देखिएको छ।

दुई महिनाको लामो अनुसन्धान र फलोअपपछि खड्काको टोली पक्राउ परेको काठमाडौं उपत्यका अपराध अनुसन्धान प्रहरी कार्यालयका प्रमुख एसएसपी डा. मनोज केसीले बताए। यसअघि प्रहरीले गत २७ मंसिरमा २० वर्षीय आदर्श ठाकुरलाई वान एक्स बेटको साट्टेबाजको आरोपमा पक्राउ गरेको थियो। प्रहरीले उनको बैंक खाता अनुसन्धान गर्दा दुई करोड रूपैयाँ रकम फेला परेको थियो। गत चैतमा वान एक्स बेटमा ४१ करोड रूपैयाँ कारोबार गरेको अभियोगमा अपराध अनुसन्धान कार्यालयले छ जनालाई पक्राउ गरेको थियो।

### जितिदैन सट्टेबाजमा, हारेपछि कमिसनको लोभमा बन्छन् एजेण्ट

नेपालमा विभिन्न समयमा यस्तो सट्टेबाजहरू सक्रिय रहँदै आएका छन्। विशेषगरी विश्वकपका समयमा सट्टेबाजहरू सक्रिय देखिन्छन्। प्रहरीकाअनुसार 'बेटिङ एप्स'मा विभिन्न तहका 'एजेण्ट' हुन्छन्। उनीहरू सधैं नयाँ 'एजेण्ट'को खोजीमा हुन्छन्। जुवा खेलाउने मूल कम्पनीबाहेक अरुले यो खेलमा जित्न सक्दैन। सहभागीले जहिल्यै हार्छन्। अनि सबैभन्दा धेरै हारेकालाई उनीहरूले 'एजेण्ट' बनाउन प्रेरित गर्छन्। २५ प्रतिशतसम्म कमिसन पाउने प्रलोभन दिएर उनीहरूले नयाँ 'एजेण्ट'लाई प्रेरित गर्ने गरेको प्रहरीको भनाइ छ।

प्रहरीका अनुसार नयाँ 'एजेण्ट'लाई काम गर्न सिकाउन मुख्य 'अपरेटर'ले सामाजिक सञ्जालमार्फत एक सातासम्म 'भर्चुअल' तालिम नै दिन्छन्। यस खालको सट्टेबाजमा 'क्रिप्टोकरेन्सी' पनि प्रयोग हुने गरेको देखिन्छ।

## प्रधानन्यायाधीश...

पृष्ठ १ बाट जारी

प्रधानन्यायाधीश कार्कीले मुद्दा फर्स्योटलाई प्राथमिकताका साथ कार्ययोजनामा समेटेका हुन्।

उनले भ्रष्टाचारले सीमा नाघेको अदालतमा भ्रष्टाचारजन्य गतिविधिको नियन्त्रण गर्न सूक्ष्म अनुगमनकर्ता खटाउने र सेवाग्राहीले सहज माध्यमबाट उजुरी गर्ने प्रणाली विकास गर्ने पनि कार्ययोजना बनाएका छन्।

जहिल्यै आलोचना हुने गरेको न्यायाधीश नियुक्ति प्रक्रियालाई पारदर्शी बनाउने र न्यायाधीश तथा कर्मचारीको आचारसंहिता कार्यान्वयनमा कडाइ गर्ने, न्यायाधीशको नियुक्ति, सरुवा, बढुवा र वृत्तिविकासमा कार्यसम्पादनलाई आधार बनाइने कार्कीको अर्को कार्ययोजना छ।

अदालतहरूमा विचौलियाहरूको बिगबिगी रहँदा नियन्त्रणका लागि छुट्टै संयन्त्र बनाउने पनि भनिएको छ। तर, प्रधानन्यायाधीश अनुमोदन होला कि नहोला ? निश्चित छैन। संवैधानिक परिषद्ले प्रधानन्यायाधीशमा प्रस्ताव गरे पनि संसदीय सुनुवाइ समितिले अस्वीकृत गरेको दृष्टान्त नै छ।

यसअघि संवैधानिक परिषद्बाट सिफारिस भएका तत्कालीन कायममुकायम प्रधानन्यायाधीश दीपकराज जोशी सुनुवाइ समितिबाट अनुमोदन हुन सकेनन्। त्यही भएर प्रस्ताव हुने बित्तिकै प्रधानन्यायाधीश हुने निश्चित हुँदैन।

यदि, कार्की अनुमोदन भएर प्रधानन्यायाधीश नियुक्त भइहाले भने पनि नेपालको न्यायिक इतिहासमै सबैभन्दा कम ५० दिन प्रधानन्यायाधीश हुने छन्। अर्थात् उनको प्रधानन्यायाधीशकाल आगामी १९ साउनसम्म हुनेछ। किनभने, सर्वोच्च अदालतको अभिलेखअनुसार उनको जन्म २० साउन २०१५ मा भएको हो। जसका कारण ६५ वर्षे उमेर हदले गर्दा कार्की अवकाशमा जाने छन्।

यसअघि १९औं प्रधानन्यायाधीश अनुपराज शर्मा १०७ दिन (२०६६ मंसिर २८ देखि २०६६ चैत १३ गतेसम्म) प्रधानन्यायाधीश बनेका थिए। २७औं प्रधानन्यायाधीश ओमप्रकाश मिश्रको कार्यकाल ११५ दिन (२०७५ भदौ २५ गतेदेखि २०७५ पुस १७ गतेसम्म) थियो।

तर, हालसम्मकै सर्वाधिक कम समय प्रधानन्यायाधीश हुन लागेका कार्कीले छोटो कार्यकालमा कार्ययोजना भने लामो अघि सारेका हुन्। उनी आफैंले पनि कार्ययोजना पूरा हुने किटान भने गरेका छैनन्।

'नेपालको भावी प्रधानन्यायाधीशको रूपमा मेरो कार्यकाल कम रहेको कारण प्रस्तुत कार्ययोजना पूर्णकार्यान्वयन उक्त अवधिभित्र सम्पन्न गर्न अवश्य कठिन छ,' कार्ययोजनामा कार्कीले भनेका छन्, 'प्रस्तावित कार्ययोजना समग्र न्यायपालिकाको सुधारसम्बन्धी नीतिगत दस्तावेजको रूपमा रहन सकोस् र भावी नेतृत्वका लागि समेत सुधारको आधारपत्र बन्न सकोस्।'

आज बिहान ८ बजेदेखि फेरि संसदीय सुनुवाइ समितिको बैठक बस्दै छ। बैठकमा कार्कीलाई समिति सदस्यहरूले प्रश्न गर्ने छन्। प्रश्न उनले प्रस्तुत गरेका अदालत सुधारका कार्ययोजना र यसअघि उनीविरुद्ध परेका केही कानुनी प्रश्न उठ्नेगरिका उजुरीमा आधारित हुनेछ। कार्कीले प्रश्नमा जवाफ दिएपछि भने अनुमोदन टुंगो लाग्ने समिति सदस्य ईश्वरी घर्ती मगरले बताइन्।

'प्रधानन्यायाधीशमा अनुमोदन होला कि नहोला ? अहिल्यै भन्ने कुरा भएन। तर, उहाँले जवाफ दिएपछि अनुमोदनको टुंगो लाग्छ,' उनले प्रभावसँग भनिन्।

अनुमोदन भएको अवस्थामा कायममुकायम कार्की २९औं प्रधानन्यायाधीश नियुक्त हुने छन्। पहिलो प्रधानन्यायाधीश भने हरिप्रसाद प्रधान भएका थिए। उनी दोहोरिएर प्रधानन्यायाधीश भएका एक्ला व्यक्ति पनि हुन्।

न्यायिक इतिहासमा सर्वाधिक नौं वर्ष प्रधानन्यायाधीश भने नयनबहादुर खत्री भएका थिए। जबकि, प्रस्तावित प्रधानन्यायाधीश कार्की भने नियुक्त भएको अवस्थामा पनि सर्वाधिक कम ५० दिन प्रधानन्यायाधीश हुने छन्।

सर्वोच्चमा हाल पाँच वर्षभन्दा पुराना मुद्दाहरू चार हजार १८४ वटा छन्। सुनुवाइ हुन बाँकी मुद्दा भने २८ हजार ३५० वटा छन्।

यति धेरै मुद्दा एकातिर अदालतमा छँदा अर्कातिर सुनुवाइ भइसकेका मुद्दाको फैसला कार्यान्वयन पनि चुनौतीपूर्ण छ। जसले गर्दा फैसला कार्यान्वयनमा पनि जोड दिने कार्कीको कार्ययोजना छ।

उनका अनुसार फैसला कार्यान्वयन नहुँदा दण्डहीनता मौलाउने, विधिको शासन धरमराउने र न्यायपालिकाप्रतिको आस्था एवं विश्वास डगमगाउँछ।

# भ्रूणको लिंग पहिचान नगर्न निर्देशन

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले भ्रूणको लिंग पहिचानसम्बन्धी कुनै पनि कार्य नगर्न स्वास्थ्य संस्थालाई निर्देशन दिएको छ।

मन्त्रालयका उपसचिव एकदेव खनालले सरकारी, निजी तथा सामुदायिक स्वास्थ्य संस्थालाई पत्राचार गर्दै भ्रूणको लिंग पहिचानसम्बन्धी कुनै पनि कार्य नगर्न/नगराउन निर्देशन दिएका छन्।

मन्त्रालयले कसैले गर्भमा रहेको भ्रूणको लिंग पहिचान गरी कुनै कार्य गर्न र नगराउन नहुने, यदि सो कार्य गरे वा गराएमा तीन महिनादेखि एक वर्षसम्म कैद सजाय हुने परिपत्रमा उल्लेख गर्दै उक्त कुरा स्वास्थ्य संस्था एवं प्रयोशागाला परिसरमा टाँस्न पनि भनिएको छ।

मन्त्रालयले राष्ट्रिय जनगणना, २०७८ को नतिजामा लैंगिक अनुपातमा असमानता देखापरेको र विभेदपूर्ण लिंग छनोटको अन्त्यका लागि राष्ट्रिय रणनीतिमा विभेदपूर्ण लिंग छनोट अन्त्य गर्न कार्यनीति लिंग पहिचान गर्न नपाइने उल्लेख गरिएको छ।

मुलुकी संहिता, २०७५ को दफा १८८ को उपदफा ७ र ८ मा एवं सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १७ मा गर्भको लिंग पहिचान गर्ने कार्यलाई कानुनतः दण्डनीय अपराध मानेको हुँदा स्वास्थ्य संस्थालाई भ्रूणको लिंग पहिचान नगर्न भनिएको छ।

---

**धनपालथान गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेश, मोरङ्ग, नेपाल**

## धनपालथान गाउँपालिकाद्वारा जनहितमा जारी जानकारीमूलक सन्देश

• जथाभावी ढुंगा गिट्टी, बालुवा उत्खन नगर्ने तथा बोट विरुवा काट्ने र खोलाको बहाव बढ्ने जस्ता कार्य नगरौं। • बाढी, पहिरोको जोखिम घटाउन समुदायस्तरबाट समयमै रुख रोपौं, वन जोगाऔं। विपद्को घटना घटेमा उद्धार तथा राहतको लागि नजिकै रहेको सुरक्षा निकायमा सम्पर्क राखौं। • खानेपानीका मुहानहरु सदैव सफा राखौं। जथाभावी फोहोर नफालौं। • शुद्ध र सफा पानी पिउँ, स्वस्थ्य जीवन जिउँ। • चर्पीमा मात्र दिसापिसाव गरौं। • सफासँग हात धोएर खाना खाने गरौं। • झाडा पखाला जस्ता रोग लागेमा नजिकै रहेको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं। घरपालुवा चौपायाहरु छाडा नछाडौ तथा छाडा चौपायको नियन्त्रण गरौं र दुर्घटनाबाट बचौं। • सवारीसाधनहरु उचित स्थानमा मात्र पार्किङ गरी ट्राफिक व्यवस्थापनमा सजीकरण गरौं। विकास निर्माणको कार्यक्रममा जनसहभागिता जुटाऔं र भएका विकास निर्माण कार्य संरक्षण गरौं। • जेष्ठ नागरीकहरुलाई उचित स्याहार सुसार सहित सम्मान गरौं। • व्यक्तिगत घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा नगरपालिकामा घटना दर्ता गराऔं। • समयमा नै कर तिरी सभ्य नागरिकको परिचय दिऔं। • यस गाउँपालिकाबाट इजाजत लिएरमात्र घर निर्माण तथा प्लटिङ कार्य गरौं। • गाउँपालिकाले तोकेको मापदण्ड बमोजिम भूकम्प प्रतिरोधि घर निर्माण गरौं र सधैंका लागि ढुक्क होऔं। • राष्ट्रिय सम्पदा तथा धरोहरहरुको जर्गेना गरौं। कुनै पनि व्यवसाय गाउँपालिका र नियमनकारी निकायमा दर्ता गरे पश्चातमात्र सञ्चालन गरौं। • घरेलु तथा औद्योगिक फोहोर मैलाको समुचित व्यवस्थापन गरौं। • गाउँपालिकालाई बुझाउनु पर्ने कर तथा शुल्क समयमै बुझाई नगर विकासमा सहभागी बनौं।

१. खरिद गरेको समानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
२. नापतौलसम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी / उजुरी दिने।
३. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाइजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
४. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
५. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
६. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछि नियमितरुपमा फेरवदल गर्नुपर्नेछ।
७. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
८. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
९. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१०. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
११. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने। स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने।
१२. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१३. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं।
१४. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ति अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं।

---

**आदर्श गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मौवानगरदह, डोटी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना

**(सूचना प्रकाशित मितिः २०८०/०३/०१)**

उपरोक्त विषयको सम्बन्धमा यस कार्यालयबाट मिति २०८०/०१/१७ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आवहानसम्बन्धी सूचना अनुसारको म्याद भित्र PPMO को EGP Portal मा दर्ता हुनआएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावहरूको मुयांकनमा सारभुत रूपले प्रभावग्राही भएको तपिसलको बोलपत्रदाताले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८०/०३/०८ (23-June-2023) गते दिनको १:०० बजे यस कार्यालयमा खोलिने भएकाले सावजिनक खरिद नियमावली २०६४ (बाहौं संसोधन समेत) को नियम ३१ज.को उपिनयम ५ र ६ बमीजम बोलपत्र पेश गर्ने समन्धित सबै बोलपत्रदाताको जानकारीका लागि यो सूचना प्राकाशित गरएको छ।

**तपसिल :-**

| सि. न. | ठेक्का नं. | कामको बिवरण | प्राबिधिक प्रस्तावमा सफल भएको बोलपत्रदाता |
|---|---|---|---|
| 1 | ARM/NCB/WORKS/ HP/079-080/01 | Construction of Hospital Building (15 Bed) | 1. Royal Construction Dhangadhi, Kailali |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**कर्णाली प्रदेश सरकार**
**सामाजिक विकास मन्त्रालय**
**स्वास्थ्य सेवा निर्देशनालय**
**स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिम**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति २०८०/०३/०१

यस कार्यालयबाट मिति २०८०/०१/२५ गते प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार रीतपुर्वक विद्युतीय माध्यमबाट दर्ता हुन आएका बोलपत्रहरु मध्येबाट न्युनतम मुल्याङ्कित सारभुतरुपमा प्रभावग्राही तपसीलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६४ को दफा २७ को उपदफा २ र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसील**

| सि.नं. | ठेक्का नं. | कामको विवरण | स्वीकृत हुने फर्मको नाम | कबोल अंक मु.अ.कर बाहेक |
|---|---|---|---|---|
| १ | HSORUKUM/NCB/ GOODS/001-2079/2080 | Supply, Delivery & Installation Of HF Digital X-Ray 500MA With Double Detector DR System | श्री युनाइटेड मेडिको कन्सर्न प्रा.लि. दाङ | ४८,७३,०००/- |

**जानकारीका लागिः**
**श्री क्यापिटल इन्टरप्राइजेज, जावालाखेल, ललितपुर।**

**स्वास्थ्य सेवा कार्यालय रुकुम पश्चिम**

# कोशी प्रदेशको बजेट ३६ अर्ब २४ करोड

● प्रदेशसभा सदस्य पूर्वाधार विकास कार्यक्रमका लागि डेढ अर्ब विनियोजन

■ प्रभाव संवाददाता

**विराटनगर–** कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०८०/८१ का लागि ३६ अर्ब २४ करोड रूपैयाँ बराबरको बजेट ल्याएको छ । अल्पमतमा रहेका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले बिहीबार अध्यादेशमार्फत आगामी आवको बजेट सार्वजनिक गरेका हुन् ।

आर्थिक मामिला तथा योजनामन्त्रीसमेत रहेका मुख्यमन्त्री कार्कीले मन्त्रालयको सभाहलबाट बजेट सार्वजनिक गरे । उनले कूल विनियोजनमध्ये चालु खर्च १४ अर्ब ३९ करोड ६२ लाख, पुँजीगत खर्च १८ अर्ब २३ करोड ४२ लाख, वित्तीय व्यवस्थातर्फ एक करोड र स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ तीन अर्ब ६० करोड २९ लाख रूपैयाँ रहेको छ । चालु खर्चमध्येमा संघीय अनुदान बचत फिर्तातर्फ दुई अर्ब रूपैयाँ रहेको छ ।



सार्वजनिक भएको बजेटमा आगामी आवका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये प्रदेश सरकारको आन्तरिक राजस्वबाट चार अर्ब ५७ करोड ७८ लाख, राजस्व बाँडफाँटबाट ११ अर्ब ६४ करोड ८१ लाख, संघबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट आठ अर्ब ७८ करोड ३८ लाख, ससर्त अनुदानबाट पाँच अर्ब ८४ करोड ३२ लाख, समपूरक अनुदानबाट ७३ करोड र विशेष अनुदानबाट ७६ करोड रूपैयाँ गरी राजस्व तथा वित्तीय हस्तान्तरण गरी जम्मा ३२ अर्ब ३४ करोड २९ लाख रूपैयाँ खर्च व्यहोर्ने जनाइएको छ । बाँकी अपुग रकम नगद मौज्दातबाट तीन अर्ब ७५ करोड एक लाख तथा वैदेशिक अनुदानबाट १५ करोड चार लाख रूपैयाँ व्यहोर्ने सार्वजनिक बजेटमा उल्लेख छ ।

प्रदेश सरकारले कोशी प्रदेशसभा सदस्य पूर्वाधार विकास कार्यक्रमका लागि एक अर्ब ५० करोड बजेट विनियोजन गरेको छ । उक्त रकममध्ये प्रत्यक्ष निर्वाचित सांसदले दुई करोड र समानुपातिक सांसदले एक करोड रूपैयाँको योजना छनोट गर्न पाउने छन् । यो बजेट प्रदेशसभा सदस्यले निर्वाचन क्षेत्रअन्तर्गतको सडक, खानेपानी, सिँचाइ, स्वास्थ्य, शिक्षा, पर्यटन, खेलकुद र सामाजिक आर्थिक रूपान्तरणको क्षेत्रमा खर्च गर्ने उल्लेख छ ।


**PRABHU** STEELS AND HYDRO EQUIPMENT INDUSTRIES LTD.

## प्रभु स्टील्स एण्ड हाइड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेडको
### विशेष साधारण सभा सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति : २०८०/०३/०१ गते

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति जेष्ठ ३२, २०८० मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यस कम्पनीको विशेष साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयमा छलफल तथा निर्णय गर्न बस्ने भएकाले उक्त विशेष साधारण सभामा आफै उपस्थित हुन वा आफ्ना प्रतिनिधि मनोनयन गरी पठाई भाग लिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध गर्दछौं ।

तपशिल

विशेष साधारण सभा हुने मिति, समय र स्थान :
मिति : २०८० असार १६ गते ।
समय : दिउँसो ०१:०० बजे ।
स्थान : कम्पनीको व्यापारिक कार्यालय, का.म.न.पा. ३२, तिनकुने काठमाडौं ।

(क) विशेष प्रस्तावहरू :
(१) यस प्रभु स्टील्स एण्ड हाइड्रो ईक्युपमेन्ट इण्डस्ट्रीज लि.ले साबिक गौतम स्टील इन्डस्ट्रिज प्रा.लि.को पाँचौ वार्षिक साधारण सभाको निर्णय अनुसार कम्पनीको दायित्व एवं सम्पतिको मूल्याङ्कनकर्ताको रूपमा शिलबन्दी बोलपत्र गरी छनौट भएका K.J. and Associates Chartered Accountants बाट प्राप्त साबिक कम्पनीको सम्पत्ति, दायित्व तथा कारोवारको मूल्याङ्कन प्रतिवेदन (Due Diligence audit Report) मा उल्लेख भए बमोजिम कम्पनीको वास्तविक सम्पत्ति अनुसार सबै शेयरधनी ज्यूहरूको पुन: शेयर लगत कायम गर्ने गरी DDA अनुमोदन गरी स्वीकृत गर्ने सम्बन्धमा ।
(२) साविक गौतम स्टील ईण्डष्ट्रीज प्रा.लि.को नामबाट जारी मिति २०७९/०४/१ गते पछिका सबै शेयर लगत खारेज गर्ने सम्बन्धमा ।
(३) साविक गौतम स्टील ईण्डस्ट्रीज प्रा.लि.को DDA मा उल्लेख भएको सम्पत्ति अनुसार शेयर कित्ता कायम गर्न सम्पूर्ण शेयरधनीहरूको हालको शेयर संख्या घटाउने वा जफत गर्ने सम्बन्धमा ।
(४) केही संस्थापक शेयरधनीहरूको शेयरलाई कम्पनीलाई हानि नोक्सानी पुर्‍याएको हद सम्म आंशिक वा पूर्णरूपमा जफत गर्ने सम्बन्धमा ।
(५) प्रभु स्टील्स एण्ड हाइड्रो ईक्युपमेन्ट ईण्डस्ट्रिज लि.ले कम्पनी ऐन २०६३ को दफा ५३ (२) र (३) बमोजिम शेयर बापतको रकम दाखिला गर्न अनुरोध गरी सूचना प्रकाशित गरेकोमा उक्त समयभित्र सो रकम दाखिला नगर्ने सबै शेयर धनीहरूको शेयर जफत गरी कम्पनीमा जगेडामा राख्ने सम्बन्धमा ।

(ख) विविध
(१) प्रोक्सी मिति २०८०/०३/१३ गतेसम्म यस कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ ।
(२) शेयरधनी महानुभावहरूले आफ्नो सक्कल नागरिकता प्रमाणपत्र वा साधारण सभा प्रयोजनार्थ जारी प्रवेशपत्र अनिवार्य रूपमा प्रस्तुत गर्नुपर्नेछ ।
(३) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी प्रतिनिधि (प्रोक्सी) कम्पनीमा बुझाई सकेपछि सो प्रोक्सी बदर गरी अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गर्न चाहेमा सोको सुचना सभा सुरू हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको कार्यालयमा दिनु पर्नेछ ।
(४) विशेष साधारण सभामा मिति २०८०/०३/०१ सम्म कायम रहेका शेयरधनीले मात्र भाग लिन सक्ने छन् ।
(५) विशेष साधारण सभा हुने स्थानमा सभामा सहभागी शेयरधनी महानुभावहरूको हस्ताक्षरको लागि हाजिरी पुस्तिका बिहान १०:०० बजे देखि नै खुल्ला गरिने छ ।
(६) विस्तृत जानकारीका लागि कार्यालय समयभित्र कम्पनीको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव
प्रभु स्टील्स एण्ड हाइड्रो ईक्युपमेन्ट इण्डस्ट्रिज लिमिटेड
वीरगंज-३२, पर्सा, नेपाल ।


# 'पाँच लाखभन्दा कमका योजना संघमै फिर्ता पठाउँछौं'

**पोखरा–** गण्डकी प्रदेश मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले संघ सरकारले बजेटमार्फत साना योजना विनियोजन गरी प्रदेशमा पठाएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन् । अग्रिम जानकारी गराउँदागराउँदै पनि संघ सरकारले बजेटमार्फत एक लाखसम्मका योजना बनाएर प्रदेशमा पठाएको भन्दै पाँच लाख रूपैयाँभन्दा मुनिका बजेट कार्यान्वयन नगर्ने स्पष्ट पारे ।

बिहीबार नगर विकास कोषले आयोजना गरेको प्रादेशिक कार्यशाला गोष्ठीमा मुख्यमन्त्री पाण्डेले पाँच लाख रूपैयाँभन्दा मुनिका योजना १०० भन्दा बढी रहेको भन्दै प्रभावहीन कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकार बाध्य नहुने बताए ।

'प्रदेश र स्थानीय तहलाई बलियो बनाउने पनि भन्ने तर ठूला योजना संघमै राख्नु राम्रो होइन,' उनले भने, 'कम बजेटका योजना कि स्थानीय तहमा पठाइदिनुपर्छ होइन भने संघमै राख्नुपर्छ ।'

प्रदेश सरकार आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटको अन्तिम तयारीमा रहेको भन्दै उनले सडक पूर्वाधारमा ३० लाख रूपैयाँभन्दा कम बजेटका योजना खानेपानी तथा सिंचाइको हकमा १० लाख रूपैयाँभन्दा कम बजेटका योजना नल्याउने स्पष्ट पारे ।

'करोडौंका योजनामा पाँच लाखमात्रै छुट्याएर अलपत्र पार्ने काम गण्डकी सरकारले गर्दैन, बजेट खर्च गरिसकेपछि सम्पन्न हुनुपर्छ र त्यसको तत्काल जनताले उपयोग गर्न पाउनुपर्छ,' उनले भने ।

प्रदेश र स्थानीय सरकारले वैदेशिक ऋण लिन नपाउने, ऋण उठाउन पनि १२ प्रतिशतको सीमा तोकिदिने, विनियोजित बजेट पनि अन्तिममा आएर काटिदिनेजस्ता संघ सरकारको क्रियाकलापले वित्तीय संघीयता बलियो नभएको मुख्यमन्त्री पाण्डेको बुझाइ छ ।

गण्डकी प्रदेशका २७ वटा नगरपालिकाका नगरप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, इञ्जिनियरको उपस्थिति रहेको कार्यक्रममा मुख्यमन्त्री पाण्डेले नगर विकास कोषलाई चाँडो पुनःसंरचना गर्दै स्थानीय सरकारको वैकल्पिक आर्थिक स्रोतको सुनिश्चितता गर्न संघ सरकारले ढिलाइ गर्न नहुने बताए ।

नगर विकास कोषका कार्यकारी निर्देशक कृष्ण सापकोटाले मुलुकभरका ९० नगरपालिकामा दिगो आयमूलक पूर्वाधार र ११० भन्दा धेरै स्थानमा खानेपानीका योजनामा १५ अर्ब रूपैयाँ बराबरको लगानी गरिरहेको जानकारी दिए । उनले स्थानीय सरकारलाई ऋण र अनुदानको समीश्रणबाट वित्तीय मध्यस्थकर्ता संस्थाका रूपमा प्राविधिक एवं आर्थिक सहजीकरण गरिरहेको बताए ।

नेपाल नगरपालिका संघका अध्यक्ष भीम ढुंगानाले कोषको पुनःसंरचनाका लागि रणनीतिकपत्र स्वीकृत भएर कानुन बन्ने अन्तिम तयारीमा रहिरहँदा कोष 'अटोनोमस' हुनेमा आशंका रहेको भनाइ राखे । *रासस*


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAUDI INSTALLATION TERSTIN AND MAINTENACNE CO. FOR CONTRACTING

पूर्व स्वीकृति मिति: २०८०/०२/३२ | LT. No.287841 | चलानी न.६०२०३२०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ELECTRICAL EQUIPMENT MAINTENANCE WORKER | 2 | 0 | 1200 | ५५७८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ८ गते (23rd June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.**
Maharajgunj, sankhapark, Kathmandu Nepal ,
Telephone : +977 1 5903011/5903012
Email : sulavrecruitment@gmail.com, Website: www.sulavhr.com
Govt. License No. 1336/074/075



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH BIN FAHD BIN ABDULRAHMAN AL-QABBA' FARM

पूर्व स्वीकृति मिति २०८०/०२/०४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/३२ | LT. No. 286083 | चलानी नं. ६०२०१६५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Worker | 1 | 0 | 1300 | ४५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ८ गते (23rd June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,
Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com
श्रम ईजाजत नं. ७८८/०६५/०६६



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HOMETOWN F AND B (SEPANG)SDN.BHD

पूर्व स्वीकृति मिति : २०७९/१२/१६ | पूर्व स्वीकृति मिति : २०८०/०२/३१ | LT. No. 283608 | चलानी नं. ६०१९९११३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Crew Restaurant | 40 | 0 | 1500 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ८ गते (23rd June. 2023) मा हुनेछ

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ever Bright Overseas Pvt.Ltd.**
Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759
Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com
श्रम इजाजत नं. १४६५/०७४/०७५



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DAR MEEM LOUNGE SALON

पुर्व स्वीकृति मिति २०८०/०२/३२ | LT No. 287958 | चलानी नं.६०२०३०९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 2 | 1700 | ६१,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ८ गते (23rd June. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनूहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SUPREME OVERSEAS PVT. LTD.**
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np
श्रम ईजाजत नं. ३०१/०५९/०६०



नेपाल सरकार
रक्षा मन्त्रालय
**नेपाली सेना**
श्री नं. १४ बाहिनी अड्डा गौंचर ब्यारेक

### सिलबन्दी बोलपत्रको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०३/०१ गते)

यस बाहिनी अड्डालाई चालु आ.व.०७९/८०/०४ मा सिन्धुपाल्चोक जिल्ला, मेलम्ची बजार स्थित ईन्द्रावति खोलामा बेलीवृज जडान गर्ने कार्यमा प्रयोग हुने निर्माण सामाग्रीहरु खरिद सम्बन्धी सिलबन्दी बोलपत्रको प्रक्रियाबाट खरिद गर्नु पर्ने भएकोले योग्यता पुगेको योग्य इच्छुक निर्माण व्यवसायी/फर्म/कम्पनीहरुले तपशिलमा उल्लेखित सर्तहरु पालना गर्ने गरी शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. बोलपत्र फाराम दस्तुर रु.३,०००।०० (पछि फिर्ता नहुने गरी) कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।
२. सिलबन्दी बोलपत्रदाताले जमानत वापत रकम श्री कोष तथा लेखा नियन्त्रक कार्यालयले नेपाल बैंक लिमिटेड धर्मपथ काठमाडौंमा खोलेको धराटी खाता नं.00201000002003000001 मा जम्मा गरेको रकमको सक्कले बैंक भौचर वा सो रकम बराबर नेपाल राष्ट्र बैंकबाट "क" बर्गको ईजाजत प्राप्त बैंकहरुबाट यस कार्यालयको नाममा जारी भएको बैक जमानत पेश गर्नु पर्नेछ । बैंक जमानतको म्याद घटीमा ३० दिन भएको हुनु पर्नेछ ।
३. बोलपत्रदाताले बोलपत्रसाथ पेश गर्नु पर्ने प्रमाणित कागजातहरु
(क) नेपाली नागरीकता प्रमाण पत्रको प्रतिलिपी
(ख) PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि
(ग) कारोबार गर्ने उदेश्य खुलेको फर्म/संस्था वा कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपि
(घ) आ.व.७८।७९ को करचुक्ता प्रमाण पत्र
(ङ) लिखित रुपमा गरेको घोषणा पत्र
(च) इजाजत पत्रको प्रतिलिपी (नबिकरण गर्नुपर्ने स्थिति र अवस्थाको भए नविकरण सहितको)
(छ) निबेदन पत्र

| बोलपत्र नं. | कामको विवरण | बोलपत्र जमानत (बिडबण्ड) रु. | बोलपत्र दर्ता (बिड) गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|
| २०७९/०८०/०४ | सिन्धुपाल्चोक जिल्ला, मेलम्चि बजार स्थित ईन्द्रावति खोलामा बेलीवृज जडान गर्ने कार्यमा प्रयोग हुने निर्माण सामाग्रीहरु खरिद | ८१,०००।०० | २०८०।०३।०८ गतेको १२:०० बजे सम्म । | २०८०।०३।०८ गतेको १३:०० बजे सम्म । |

४. शिलबन्दी बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट पेश गर्ने र खोल्ने मिति कायम हुनेछ ।
५. इच्छुक निमार्ण व्यवसायी/फर्म/कम्पनीले अनिवार्य रुपमा साईट भिजिट गर्नु पर्नेछ ।
६. सम्झौता भएको मितिले ५(पाँच) दिन भित्र सामानहरु उपलब्ध गराई सक्नु पर्नेछ ।



## भोक्राहा नरसिंह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिरौली, सुनसरी, कोशी प्रदेश, नेपाल

जनहितका लागि जारी सन्देश

### २ बर्ष भन्दा मुनिका बालबालिकालाई 'लू' बाट कसरी जोगाउने ?



- स्तनपान गराइरहेका बालबालिकाका लागि नियमित स्तनपान गराइरहने ।
- ठोस खानेकुराका अलावा झोलकुरा प्रशस्त खुवाउने ।
- घरमै बनाएको स्वस्थकर खानेकुरा खुवाउने
- चिसो पानीले नुहाउने
- पसिना सोस्ने खालका सुतीका नरम कपडा खुकुलो हुने गरि लगाइदिने ।
- घाममा नराख्ने वा घाम लागेको बेला बाहिर ननिस्कने नहिँड्ने शितलमा बस्ने ।
- मौसमी तथा ताजा फलफूल राम्ररी धोइ पखाली गरि खुवाउने ।

यदि ज्वरो आएमा पानी प्रशस्त खुवाउने तथा कुनै असामान्य लक्षण जस्तै रिंगटा लागे जस्तो, अलसतलस भएमा, वान्ता गरेमा, सास फेर्न गाह्रो भए जस्तो देखिएमा वा बच्चा बेहोस भएमा तत्काले नजिकैको स्वास्थ्य संस्था लगिहाल्नुपर्छ ।

### यस्ता लक्षण देखिएमा तुरुन्तै नजिकको स्वास्थ्य संस्थामा लैजाऔं

- चक्कर लाग्ने वा वेहोस हुने
- मुटुको धड्कन बढ्ने
- टाउको धेरै दुख्ने
- शरीरको तापक्रम १०४ डिग्री फरेनहाइट भन्दा बढी हुने
- श्वासप्रश्वास वा रक्तचाप कम हुने
- छाला सुख्खा, रातो र तातो हुने

बालबालिका, वृद्धवृद्धा वा दीर्घरोगीको विशेष ख्याल गरौं

प्रभाव दैनिक
National Daily

सम्पादकीय

# दाहालको समाजवादी अस्त्र

**प्रधानमन्त्री पुष्पकमल दाहाल भारत भ्रमणबाट फर्केपछि छटपटीमा देखिन्छन् । भारतबाट फर्केलगत्तै दाहाल पशुपतिनाथमा पुगे । भारत पुगेका मन्त्रीको डफ्फा नै बोकेर पशुपतिको दर्शनमा निस्केका दाहाल त्यसअघि गेरु वस्त्रमा देखिएका थिए महाकालेश्वरमा । गेरु वस्त्रमा देखिएका दाहालले काँचुली फेरेको फेन्यै छन् । यसपटक प्रधानमन्त्री बन्नसाथ दौरासुरुवालमा ठाँटिएका थिए दाहाल । उनी प्रधानमन्त्री भएपछि सरकार खासै स्थिर नरहेको पहिलेदेखिकै रेकर्ड हो । तेस्रोपटक प्रधानन्त्री बनेका उनले यही कार्यकालमा एमालेपछि कांग्रेसको बुइँ चढेका छन् ।**

**पछिल्ला दिनहरूमा राजनीतिक गडबडीको संकेत देखिएको छ । यही बेला नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने नेताहरू हिरासतमा परेका छन् । यही बेला नागरिकता विधेयकको मुद्दा उठेको छ । राष्ट्रपति रामचन्द्र पौडेल अस्वस्थता देखाउँदै बेडमै छन् । सरकार गठनपछि सबैभन्दा पहिले विदेश पुग्ने राष्ट्रप्रमुख उनी नै बने । यही बेला देशकै सबैभन्दा ठूलो पार्टी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा सिंगापुर उडेका छन् ।**

**माओवादीका नेता वर्षमान पुन चीनतिर छन् । नेताहरू उपचारको नाममा शक्ति राष्ट्रको पछि लागिरहेका छन् । यही बेला प्रधानमन्त्री दाहालले छिट्टै समाजवादी मोर्चा गठन गर्ने चेतावनी दिएका छन् । दाहालको समाजवादी मोर्चा यस्तो अस्त्र हो, जतिबेला उनी अप्ठेरोमा पर्छन् उठाइहाल्छन् । एमाले छाडेर कांग्रेससँग गठबन्धनपछि मन्त्री भागबण्डा नमिलेको समयमा पनि दाहालले यही अस्त्र उठाएका थिए । यसअघि पनि दाहालले साना–साना दलको गठबन्धन बनाएर सत्तासँग बार्गेनिङ गर्थे । कांग्रेसलाई माधव नेपालको पार्टी, उपेन्द्र यादवको पार्टी, डा. बाबुराम भट्टराईको पार्टी र नेत्रविक्रम चन्दको पार्टी देखाएर तर्साउने बार्गेनिङको अस्त्र हो समाजवादी मोर्चा । आफू अप्ठेरोमा पर्नसाथ चिथोर्न खोज्ने बिरालोभैंm दाहालले यही अस्त्र उठाउँछन् । दाहालको पछिल्लो गर्जन अलि चर्कै छ । जब कोही अप्ठेरोमा पर्छ उसको 'बचाऊ' भन्ने गर्जन ठूलै हुन्छ ।**

**मुसाहरू किन पासोमा पर्छन् ? एउटा उक्तिको जवाफ छ कि मुसाहरूलाई सित्तैमा खान पाइँदैन भन्ने नै थाहा हुँदैन । त्यसैले उनीहरू सजिलै पासोमा पर्छन् । नेपाली नेताहरूको हालत यस्तै छ । सत्तामा पुग्नेबित्तिकै लवालस्कर लिएर अनुदानका लागि अनुनय गर्दै विदेश भ्रमणमा पुग्छन् । कसले बढी नयाँ परियोजनाको परिकल्पना गर्नेभन्दा पनि कसले बढी अनुदान ल्याउने प्रतिस्पर्धा नै हुन्छ नेताहरूमा । अनि विदेशी शक्तिको पासोमा पर्छन् । यसपटक भारत भ्रमणपछिको दाहालको छटपटीलाई पनि यसरी लिने कि ! यस्तो घटनाबाट अरु नेताले पनि सिक्ने कि !**

## मनन्योग्य

### चाणक्य नीति

चन्द्रगुप्त हिँडिसकेपछि धेरै समयसम्म चाणक्य सोच्न बाध्य भए । उनले आफ्ना अनुचर शंकरदेवलाई बोलाई भने- 'तिमी तुरुन्तै जाऊ आजै मुरालाई लिएर आऊ भन्नु आचार्य वात्स्यायनले बोलाएको छ ।' आज्ञा पाई शंकरदेव गए । चाणक्य फेरि आफ्नो विचारमा मग्न भए ।

सोच्दै, हात पारेको शत्रुलाई छोड्नु पाप हो चन्द्रगुप्त महानन्दको वध गर्न चाहँदैन, महानन्द जीवित हुनुको अर्थ चन्द्रगुप्तको मृत्यु अनि मेरो प्रतिज्ञा त्यो पनि थाहा छैन के हुन्छ ? यो समय चुक्ने समय होइन भोलि सूर्योदयका साथसाथै महानन्दको वध गराउनुपर्छ । अनि यो हत्याराका रगतले मेरो पिताको तर्पण गर्न सक्छु । ...कौटिल्यको प्रतिज्ञा भोलि अवश्य पूर्ण हुन्छ ।

सन्ध्या सकिन लागेको थियो । शंकरदेव मुरालाई लिएर चाणक्यका कुटीमा प्रवेश गरे । प्रणामपछि मुरालाई आफ्ना आसनको छेउमा बसाले ।

मुरा- महात्मन् ! के आज्ञा छ ? अपर्झट यो समयमा किन बोलाइयो ? चाणक्य- आपतमा शक्तिको आवश्यकता पर्छ । तिम्रो नामको राज्य स्थापना गर्ने इच्छा छ । तिमीले आफ्नो मुटुलाई ढुङ्गाजस्तो पार्नुपर्छ ।

मुरा- किन छकाउँदै हुनुहुन्छ, स्पष्ट भनिदिनोस् ।

चाणक्य- स्पष्ट छ, महानन्द बन्दी भएको छ, मगधमा चन्द्रगुप्तको अधिकार छ, अलिकति हृदय बलियो बनाई भोलि महानन्दलाई वध गर्ने आज्ञा दिन तयार हुनुपर्छ ।

मुरा- यो के भन्दै हुनुहुन्छ एउटी पत्नी आफ्नो पतिको वध गर्ने आज्ञा पुत्रलाई देओस् । यो कसरी सम्भव हुन्छ ?

चाणक्य- हेर्नोस् देवी ! तपाईंको यही पतिले तपाईं र चन्द्रगुप्तको कस्तो अवस्था बनायो । यो अधमले सयौं नारीलाई बरबाद पाऱ्यो । के यस्तो जीवले बाँचिरहनु उचित हुन्छ ? यदि महानन्द जीवित भयो भने भोलि तिम्रो पुत्र चन्द्रगुप्तको वध गर्नेछ । उसमा तिमी वा तिम्रो पुत्रका लागि कुनै स्नेह छैन ।

मुरा सोच्न लागिन् । अन्त्यमा लामो निःश्वास लिंदै चाणक्यको कुरा स्वीकार गरिन् ।

यसरी मगधको एक क्रुर विलासी शासकको अन्त्य भयो । चाणक्यको प्रतिज्ञा पनि पूर्ण भयो अनि चाणक्यले आफ्नो शिखा (टुप्पी) गाँठो पारी आफ्ना पितालाई तर्पण गरे । क्रमशः

# कामपा-२ : सबैभन्दा सानो वडा तर धेरै समस्या



पदम श्रेष्ठ

लाजिम्पाट संखुनास्थित नीलसरस्वतीलाई मञ्जुश्रीको अर्धांगिनी मानिन्छ । त्यसैले श्रीपञ्चमीका दिन स्वयम्भूको मञ्जुश्री स्थान, भक्तपुरको ल्हासापाको, ललितपुरको लेलेजस्तै लाजिम्पाटको नीलसरस्वतीस्थानमा पनि मेला लाग्ने गर्दछ । शखोना लिच्छवीकालीन राज्य शंखस्यनगरीको राजधानी विशालनगरबाट अन्तिम सिमाना हो । सखुनास्थित टुकुचा खोला छेउ स्थापित नीलसरस्वतीलाई विद्याकी देवीको रुपमा पुजिन्छ । गुम्बज आकार शैलीको मन्दिर १४औं शताब्दीमा निर्मित हो । मन्दिरभित्र कलात्मक नीलसरस्वतीको ढुंगे मूर्ति छ । जहाँ प्रत्येक वर्ष अक्षरारम्भ र शैक्षिक सफलताका लागि पूजा, दर्शन हुने गर्दछ ।

आठ सय मिटरको सडक बनाउन सुरु गरेको तीन वर्षभन्दा बढी भइसक्यो तर अझै पनि सकिएको छैन । यो कुरा सुन्दा तपाईंलाई लाग्न सक्छ- त्यो सडक सुदूरपूर्व वा सुदूरपश्चिमको विकट गाउँको होला । तर, होइन यो मुलुकको राजधानी काठमाडौंकै सडकको अवस्था हो । नारायणहिटी दरबार संग्रहालय र प्रधानमन्त्रीनिवास बालुवाटार जोडिएको वडा काठमाडौं महानगरपालिका-२ को भित्री बस्तीमा बन्दै गरिरहेको सहायकमार्ग । गैह्रीधारा गोमागणेश पेट्रोल पम्पदेखि ऐतिहासिक सम्पदा क्षेत्र नीलसरस्वती थानसम्मको ८०० मिटरको बाटो बनाउन यसरी वर्षौं समय लगाएपछि स्थानीयवासी आजित भइसकेका छन् ।

टुकुचा नदीलाई व्यवस्थापन गर्ने भन्दै थालिएको ढल र बाटोको निर्माण लागत विवरणको बोर्ड, ठेकेदार कम्पनी, समयसीमा कुनै नराखिकनै अकस्मात विनासूचना काम थाल्ने र काम अलपत्र छाड्ने गर्नाले आफूहरू पीडित हुनुपरेको यहाँका स्थानीय बताउँछन् । पानी पर्दा हिलो र सुक्खा हुँदा धुलो उडेर घर, पसलभित्रै बस्न नसक्ने अबस्था छ । यसबारे पटक-पटक वडामा ताकेता गर्दा पनि कुनै ध्यान नदिएपछि विद्रोहको तयारी गर्नु परेको स्थानीयको भनाइ छ ।

काठमाडौं महानगरका प्रमुख बालेन्द्र साह (बालेन)ले एक वर्षभित्र थालिएका २५ वटा असल कार्यहरूमा बाटोको खाल्डाखुल्डी पुर्न पूर्वाधार एम्बुलेन्स र कर्मचारी खटाइएको भन्दै प्रचार गरिएको थियो । तर, कामपा वडा नं २ भित्रको सहायकमार्ग हेर्दै जाने हो भने वडा भवनदेखि सरकारी धारा हुँदै नीलसरस्वती स्थानसम्म, गैह्रीधारा पेट्रोल पम्पदेखि नीलसरस्वतीस्थानसम्म र नीलसरस्वतीस्थानदेखि खुर्सानीटार जानूस् वा दिल्लीरमण रेग्मी पुस्तकालय पुग्नूस् जताततै कोपरेर छाडेका अलपत्र निर्माण सामग्रीमात्र देख्न सकिन्छ । जुन तथ्यलाई बालेनको पूर्वाधार एम्बुलेन्स र वडाध्यक्ष राजेन्द्रकुमार श्रेष्ठले भने देखेका छैनन् वा देखेर पनि नदेखेझैं गरिरहेका छन् ।

### साखुनाको नालिबेली र विद्याकी देवी सरस्वती

लिच्छविकालीन बस्ती शंकस्यनगरी विशालनगर हाँडिगाउँको अन्तिम सिमाना लाजिम्पाट नीलसरस्वतीसहितको सम्पदा क्षेत्रलाई नेपाल भाषामा सँखुना अर्थात् सानो मसिनो कपालजस्तो पवित्र नदीको बस्ती ससुमाँ भनिएको बताइन्छ । जुन वडामा राजा मानदेवकी माताको नाउँमा स्थापित धोविचौरस्थित महादेवको शिवलिंग र लाखे लक्षी विचरण गर्ने लाजिम्पाट (लक्षिपट) दयाश्वर महादेवसहितको सम्पदा क्षेत्र रहेका छन् । त्यसैगरी शंकस्यनगरी विशालनगरको देश रक्षार्थ स्थापित अस्तमातृकामध्ये एक स्वयतकाली, प्राचीन पुरतात्त्विक अस्तित्व बोकेको शिवगल्ली रहेका छन् ।

सकोना नीलसरस्वती सम्पदा क्षेत्र नेपाल सम्वत् १०६ ताका कान्तिपुर बसाउँदा ठमेल (थँवहिल माथिल्लो बुद्ध विहार) भन्दा छुट्टै थियो । काठमाडौं नगरलाई ठँहिटी क्वाःवहालदेखि असन माछा देवतासम्म थथुपुंई (थँहिटी), माछा देवतादेखि मखनसम्म दथुपुई, मखनदेखि मरूसत्तल (काष्ठमण्डप) सम्म लाय्कूपुंई र मरूसतःदेखि यँगालसम्म क्वथुपुंई गरी चार एकाइमा वर्गीकृत गरिएको थियो । चार पुँईभित्र १८ महाविहार र शाक्यहरूको बुद्ध विहार थिए तर श्रेष्ठ प्रधानहरूको थँवहिल बुद्ध विहारलाई राजा गुणकामदेवले व्यवस्थित गर्दा कान्तिपुरभन्दा छुट्टै ठमेल अर्थात् थँवहिल विहार क्षेत्र र अर्को लिच्छविकालीन राज्य शंखस्यनगरी विशालनगरको अन्तिम सिमाना मानिने टुकुचा खोलाको किनारामा रहेको यो वडा मुलुककै सबैभन्दा सानो वडा मानिन्छ । जुन वडा काठमाडौं महानगरपालिका वडा नं २ स्थित विद्याकी देवी मन्दिरले प्रख्यात यस क्षेत्रमा स्थापित नीलसरस्वतीकै साधना गरी अमर बाँडाले शक्तिका उपासक शंकराचार्यलाई शास्त्रार्थमा हराइदिएको ऐतिहासिक सम्पदास्थल पनि हो । जुन मौलिक सम्पदास्थललाई पर्यटकीयस्थलको रूपमा उत्थान गर्दै लैजान स्थानीय युवाहरू जुर्मुराएकै बेला वडाध्यक्ष तथा स्थानीय जनप्रतिनिधिहरूबाट साथ सहयोग र भरोसा नभइदिँदा सडक मात्र होइन पानीका पाइप, बिजुलीका तार, निर्माण सामग्री अस्तव्यस्त अलपत्र हुँदै जान थालेपछि स्थानीयबासिन्दाले वडाध्यक्षको विरुद्ध आवाज उठाउनुपरेको बताएका छन् ।

### नीलसरस्वती मन्दिर

लाजिम्पाट संखुनास्थित नीलसरस्वतीलाई मञ्जुश्रीको अर्धांगिनी मानिन्छ । त्यसैले श्रीपञ्चमीका दिन स्वयम्भूको मञ्जुश्री स्थान, भक्तपुरको ल्हासापाको, ललितपुरको लेलेजस्तै लाजिम्पाटको नीलसरस्वतीस्थानमा पनि मेला लाग्ने गर्दछ । शखोना लिच्छवीकालीन राज्य शंखस्यनगरीको राजधानी विशालनगरबाट अन्तिम सिमाना हो । सखुनास्थित टुकुचा खोला छेउ स्थापित नीलसरस्वतीलाई विद्याकी देवीको रूपमा पुजिन्छ । गुम्बज आकार शैलीको मन्दिर १४औं शताब्दीमा निर्मित हो । मन्दिरभित्र कलात्मक नीलसरस्वतीको ढुंगे मूर्ति छ । जहाँ प्रत्येक वर्ष अक्षरारम्भ र शैक्षिक सफलताका लागि पूजा, दर्शन हुने गर्दछ । विद्यार्थीहरू परीक्षा दिनुअघि परीक्षामा सफलताको कामना गर्दै सरस्वती माताको भाकल गर्न पुग्ने गर्दछन् भने नयाँ काम सिक्दा वा विदेश जाँदा आउँदा पनि भक्तजनहरू पुग्ने गर्दछन् यहाँ । तर, मन्दिर वरिपरि सामुदायिक प्रहरी बिट अलपत्र, मृत्युकर्ममा किरियापुत्री बस्ने कोठाहरू फोहोर भत्किएको अबस्थामा देख्न सकिन्छ ।

### धोवीचौरस्थित मानदेवकालीन महादेव

नीलसरस्वतीनजिकै धोवीचौरस्थित लिच्छवीकालीन महादेव मन्दिर पनि एक हो । लुगा सुकाउने चौरबीच शिवलिंगको पादपीठमा उल्लिखित सम्वत् ३८९ र ३९० ले यस क्षेत्रको पुरातात्त्विक पक्षलाई उजागर गरेको छ । मन्दिर राजा मानदेवले आफ्नी आमाको इच्छामुताविक निर्माण गर्न लगाएको भनाइ छ । जहाँ लुगा धुने ढुंगेधारा र शिलारूपी चामुण्डा अजिमा लिच्छवीकालीन अष्टमातृकामध्ये एक मानिन्छ ।

### दयाश्वर महादेवस्थल

लाजिम्पाटको सात्विक अर्थ लाखेलछी अर्थात् दुष्ट आत्माविचरण गरी हिंड्ने ठाउँ हो । लछिपट नै नेपाल भाषामा अपभ्रंस भई लाजिम्पाट भन्न थालियो । यही दुष्ट आत्मालाई दबाउन स्थापित शिवस्थल हो, दयाश्वर महादेव । आधा रोपनीको क्षेत्रफलभित्र चर्चिएको देवस्थल लिच्छविकालीन भएता पनि मल्लकालमा संरक्षित भएको विश्वास गरिन्छ । मन्दिरभित्र भोज भत्तेर गर्ने फल्चापाटी, भजनघर, यज्ञस्थल, कूण्ड, सप्तर्षी, गणेश, बुद्धका मूर्तिसहित तीर्थस्थलका रूपमा छ भने प्रत्येक वर्षको शिवरात्री, तीज, साउने सोमबार आदि चाडपर्वमा यहाँ भक्तजनको ठूलो मेला लाग्ने गर्दछ ।

### श्वेतकाली भगवती मन्दिर

लिच्छविकालमै स्थापित अष्टमातृका पीठहरू नक्साल भगवती, टुँडालदेवी, भाटभटेनी, मैतीदेवी भनिएजस्तै नीलसरस्वती नजिकका श्वेतकाली चामुण्डा पनि हो । भुइँतले मन्दिरभित्र सादा ढुंगा पुजिन्छ भने हाँडिगाउँको गहना खोज्ने जात्रामा श्वेतकाली खटजात्रा ज्यापु हुँदै आइरहेको छ ।

### रानीबारी पोर्पा अजिमा

लाजिम्पाट रानीबारी ज्यापु जातिको अजिमास्थल मानिन्छ । थुम्कोमाथि रानीदेवी मन्दिर छ । राजाहरूकोसमेत देवाली हुने रानीदेवी सामाखुशी नदी किनारमा छ । जुन जंगलमा विवाह, ब्रतबन्ध आदि र पिकनिक हुन्छ भने यहाँ असोज महिनामा ज्यापु समुदायबाट क्षमापूजा गर्ने परम्परा छ । तर, मोर्पा अजिमा रानीबारी दुई वडाभित्र नपरे पनि वडावासी ज्यापु समुदायको यो सम्पदास्थल नै हो ।

### सँखोना सम्पदालाई व्यापक बनाउने अबको मार्ग

विद्याकी देवी सरस्वती रहेको वडाभित्रको सम्पदा व्यवस्थापनमा वडाका जनप्रतिनिधिहरूकै हेलचेक्रचाइँ देखिन्छ । त्यही कारण दिन प्रतिदिन 'अस्तव्यस्त, छरपष्ट'को स्थितिमा बिग्रँदै गइरहेको स्थानीयको गुनासो छ ।

जुन सम्पदालाई ठमेल, हाँडिगाउँजस्तै छुट्टै सम्पदा क्षेत्रको रूपमा विकास गर्न स्थानीय युवाजमात चाहन्छन् । वर्तमान वडाध्यक्ष राजेन्द्रकुमार श्रेष्ठले आफ्नो घोषणापत्रमा प्रतिबद्धता जनाएको वृक्षरोपणसहित वडामा हरियाली गर्ने, शिक्षाकी देवी सरस्वती मन्दिरलाई केन्द्रित गरी आधुनिक पुस्तकालय निर्माण गर्ने र खेलकुदको विकास गर्ने, बेरोजगार युवाजमातलाई लोकसेवा तथा अन्य रोजगारमूलक तालिम दिने भनी उल्लेख गरेका थिए । तर, उक्त कार्ययोजना पहिलो कार्यकाल पूरा गरी दोस्रो कार्यकालको पनि एक वर्ष बित्दासमेत पूरा गर्न सकेका छैनन् । प्रस्ताव लिएर वडामा जाँदा पनि बेवास्ता गर्ने, उल्टै नगरपालिकाको बजेटबाट बनिरहेको वडाभित्रका सम्पदा र मार्गहरू कति लागतमा बन्न लागेको हो, कुन ठेकेदार कम्पनीले कति समयमा बनाउन लागेको हो भन्नेसमेत जानकारी गराउने सूचना बोर्ड नराखी वर्षौं निर्माणको नाममा अलपत्र बनाएपछि वडावासीले आपत्ति जनाएका हुन् ।

यस सम्बन्धमा जनगुनासो बुझ्न जाँदा वडाध्यक्ष श्रेष्ठले आफूसँग कुनै योजना नरहेको र आफूले केही पनि गर्न नसक्ने भन्दै पदीय जिम्मेवारीविपरीत जवाफ फर्काएका थिए । यस्तो अवस्था सिर्जना हुनु अत्यन्त दुःखद् छ । जनप्रतिनिधि यसमा जिम्मेवार बन्न जरुरी छ ।

पत्र–मञ्जुषा

# २० वर्षे गाडी बन्देजमा आनाकानी !

बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्रालयले गत जेठ ७ गते दर्ता भएको मितिले २० वर्ष कटेका सार्वजनिक सवारीसाधन अनिवार्य पत्रु गर्नुपर्ने भन्दै सूचना जारी गऱ्यो । मन्त्रालयको निर्णयानुसार आगामी असार १२ गतेभित्र थोत्रा, पुराना र आयु पुगेका सवारीसाधन पत्रु गरिसक्नुपर्छ । संघीय सरकारले २०७१ सालमा गरेको निर्णय यतिबेला बल्ल कार्यान्वयन गर्न खोजिँदै छ । २०७१ भदौ २६ गतेको मन्त्रिपरिषद्को बैठकले २० वर्ष पुगेका गाडी विस्थापन गर्ने निर्णय गऱ्यो ।

सो निर्णय २०७१ फागुन १८ गते राजपत्रमा प्रकाशित गरियो । २०७२ चैत १ गतेको मन्त्रिपरिषद्को बैठक २०७३ फागुन १७ गतेदेखि बागमतीबाट २० वर्षे गाडी हटाउने निष्कर्षमा पुग्यो । २०७४ चैत १ गतेबाट देशभरबाट हटाउने निर्णय पनि त्यतिबेलै गरियो । तर, यातायात व्यवसायीले सरकार र सञ्चारमाध्यमलाई नै घुमाइदिए । संघीयता आएको फाइदा उठाउँदै व्यवसायीहरूले सिंहदरबारको सरकारको निर्णय नमान्ने र प्रदेशले नै यो निर्णय गर्नुपर्ने ढिपी कसे ।

प्रदेश सरकारले निर्णय भएको यत्रो वर्षपछि सूचना जारी गरेर निर्णय कार्यान्वयन गर्न खोज्दै छ । बागमतीले त सूचना जारी गरिसक्यो, अब पालो अन्य प्रदेशको । अन्य प्रदेश सरकारले पनि २० वर्ष कटेका थोत्रा, पुराना गाडी विस्थापन गर्नुपर्छ । २० वर्ष पुगेका गाडी अहिले पनि निष्फिक्री सडकमा गुडिरहेका छन् । सरकारले त्यस्ता गाडी चल्नमा प्रतिबन्ध लगाउन नसक्दा ट्राफिक व्यवस्थापन अस्तव्यस्त बनेको छ । दुर्घटना हुने क्रम ह्वात्तै बढेको छ भने प्रदूषण पनि उत्तिकै भइरहेको छ ।

२० वर्ष कटेका सवारीसाधनको रोड पर्मिट, जाँचपास, प्रदूषण, बिलबुक नवीकरण र बिमा हुँदैन । राज्यले ती गाडीबाट कर लिन छोडिसकेको हुन्छ, भने बिमा कम्पनीले बिमा गर्दैनन् । सरकारले २० वर्षे गाडीको दर्ता नै खारेज गरिदिने भनेर निर्णय गर्न सकेको छैन । उही पुरानै गाडीको स्क्र्याब गरेको नम्बर प्लेटमा नयाँ गाडी किनेर दर्ता गर्ने क्रम जारी नै छ । यसले गर्दा सार्वजनिक यातायात क्षेत्रमा भएको सिण्डिकेट कायमै रह्यो । मिटरजडित ट्याक्सी, हरियो प्लेटको ट्याक्सी, फो-स्टक ट्याम्पो, कालो प्लेटको ढुवानी नखोलेको जुग बितिसकेको छ ।

यातायात व्यवसायीले भाडाको गाडीमा गरिएको लगानी तीनदेखि पाँच वर्षमा उठाउँछन् । २० वर्ष चलाउँदा एउटा गाडीधनीले अर्को पाँचवटा गाडी जोडिसक्छ । फेरि पनि उही नम्बर प्लेटमा नयाँ गाडी किनेर दर्ता गर्छन् । एउटै व्यवसायीले दोहोऱ्याइतेहेऱ्याइ व्यवसाय गर्ने क्रम जारी छ । वि.सं. २०३२ देखि २०८० सालसम्म आइपुग्दा पनि एउटै व्यक्तिले व्यवसाय गरिरहेका छन् । अब फेरि पनि त्यसको स्क्र्याब गरेको नम्बर प्लेटमा नयाँ गाडी दर्ता गरेर अर्को २० वर्ष व्यवसाय गर्छन् ।

जनसंख्या बढेर कहाँबाट कहाँ पुगिसक्यो, भाडाको गाडीको संख्या उति नै छ । दर्ता भएको मितिले २९ वर्ष पुराना ट्याम्पो बाटोमा निर्वाधरूपमा गुडिरहेको छ । २६ वर्ष कटेका निलो माइक्रोबस, बस पनि सरकारको नियम लत्याएर दौडिरहेको छ । ट्याक्सी पनि २३ वर्ष पुराना छन् । ट्राफिक प्रहरीकै अगाडिबाट यी सवारीसाधन गुडिरहेको हुन्छन् । तर, ट्राफिकहरू देखेर पनि अनदेखा गरेर बस्छन् । त्यस्ता सवारीसाधनलाई किन कारबाही नगरेको भनि ट्राफिकलाई सोध्यो भने यातायात मन्त्रालयले पत्र पठाएको छैन भनी गैरजिम्मेवारपूर्ण जवाफ दिन्छन् । मन्त्रिपरिषद्ले निर्णय गरेर राजपत्रमा प्रकाशित गरिसक्यो, यातायात मन्त्रालयले सूचना निकालिसक्यो, अब पनि कारबाही गर्नलाई साइत हेर्नुपर्छ ? कि सरकारको निर्णय नै थाहा छैन भनेर स्वीकारे भइहाल्यो ।

*– अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# सामुदायिक विद्यालयमा घटे विद्यार्थी

**पर्वत–** यहाँका सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या घट्दै जान थालेको छ । कतिपय विद्यालयमा कक्षा नै खाली भएकोसमेत देखिएको छ । अभिभावकको अंग्रेजी मोह, बसाइँसराइ, जन्मदरमा कमी, अभिभावक बजारमा बसेर सन्ततिलाई बजारमै पढाउने कारण गाउँका विद्यालयमा विद्यार्थी घट्दै गएको पाइएको हो

दुर्गम ठाउँमा मात्रै नभएर सुगम ठाउँमा पनि विद्यालय खाली हुन थालेको देखिएका छन् । कुश्मा नगरपालिका–९ कटुवाचौपारीस्थित चम्डिलामा रहेको जनप्रिय प्राथमिक विद्यालय पनि रित्तिन थालेको छ । कक्षा १ देखि ५ सम्म पढाइ हुने उक्त विद्यालयमा अहिले ११ मात्रै विद्यार्थी पढ्दै आएका छन् ।

कक्षा ५ मा एक जना पनि विद्यार्थी छैनन् । कक्षा १ मा दुई, कक्षा २ मा तीन, कक्षा ४ मा छ विद्यार्थी रहेका छन् । विगतमा भरिभराउ रहेको सो विद्यालय अहिले खाली भएको हो । प्रधानाध्यापक कमला शर्माले विद्यालयको पढाइ राम्रो भए पनि अभिभावकले विश्वास नै नगर्ने समस्याले विद्यालयको स्थिति कमजोर बनेको बताइन् । उनले नजिकैको माध्यमिक विद्यालय, बोर्डिङ स्कुल र सदरमुकामका बोर्डिङमा बालबालिका पढ्न जाने भएकाले आफ्नो विद्यालयमा विद्यार्थी संख्या न्यून भएको बताइन् ।

उक्त विद्यालयमा स्थायी, निजी स्रोत र बालविकासका शिक्षक तथा कार्यालय सहयोग गरेर छजना कार्यरत छन् । विसं २०५६ मा समुदायको आवश्यकता र औचित्यताका आधारमा स्थापना भएको यो विद्यालय समुदायकै चासो र चिन्ता नहुँदा विद्यार्थीविहीन बन्न थालेको सरोकारवाला बताउँछन् ।

प्रधानाध्यापक शर्माले भर्ना अभियान, घरदैलो र विद्यालय सुधारका बारेमा नियमित छलफल चलाउँदै आए पनि अभिभावकले आफ्ना छोराछोरीलाई बोर्डिङमा पठाउँदा विद्यालयमा विद्यार्थी बढ्न नसकेको दुःखेसो गरिन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वासुदेव लामिछानेले समुदाय र शिक्षकको चासो बढ्ने हो भने विद्यालयमा विद्यार्थी बढाउन सकिने बताए । उनले यसका लागि सबैले कोसिस गर्नुपर्ने बताए ।

शिक्षकले नै आफ्ना छोरानातिलाई बोर्डिङमा पठाउने गरेको र अभिभावकले सरकारी विद्यालय भनेर हेलाको दृष्टिले हेर्दा विद्यार्थी संख्या बढाउन नसकेको लामिछानेले बताए । वडाध्यक्ष राम शर्मा लामिछानेले उक्त विद्यालयको समस्याका बारेमा नगरपालिकामा आफूले धेरै पटक जानकारी दिइसकेको बताए । विद्यार्थी संख्या बढाउन विद्यालय प्रशासन र समुदायलाई ध्यानाकर्षण गराए पनि सुधार हुन नसकेको लामिछानेले बताए । *रासस*

# गर्मीले पश्चिम मधेसको जनजीवन प्रभावित

**लुम्बिनी–** रूपन्देहीको भैरहवा, लुम्बिनीलगायतका क्षेत्रमा तापक्रम ४३ डिग्री सेल्सियस पुग्दा यहाँको जनजीवन प्रभावित भएको छ । उच्च तापमान र बढ्दो गर्मीका कारण बजार सुनसान देखिएका छन् भने स्थानीयवासीको दैनिकी प्रभावित बनेको छ ।

खेतबारीमा लगाइएका बालीनाली चर्को घामले सुक्न थालेका छन् । गर्मी सँगसँगै पानी नपर्दा बर्षे पानीमा आश्रित किसानले खेतमा धानको ब्याडसमेत राख्न पाएका छैनन् भने धेरैले जेनतेन गरी राखेको ब्याड पनि सुक्न थालेको छ । बढ्दो गर्मीले मानिसमात्र नभई पशुपक्षीसमेत पानी र शीतलता खोज्न थालेका छन् । रूपन्देही र कपिलवस्तुलगायतका क्षेत्रमा तापमान बढ्दै जाँदा दैनिक ज्यालादारी गरी खाने मजदुर वर्गलाई समस्या थपिएको सरोकारवालाको भनाइ छ ।

'वायुमण्डलीय तापक्रममा वृद्धिसँगै तातो हावा चल्नुले घरबाहिर निस्कन समस्या उत्पन्न भएको छ,' सम्मरीमाई स्वास्थ्य शाखा प्रमुख मुन्सी माझीले भने, 'अत्यधिक गर्मीले बजार, शैक्षिक संस्थाका साथै सरकारी कामकाजसमेत प्रभावित छ ।' यही जेठ ३१ गते बुधबार पश्चिमी मधेसअन्तर्गत रूपन्देहीको भैरहवा क्षेत्रमा अधिकतम ४३ र न्यूनतम २८.८ डिग्री सेल्सियस (देशभरिकै उच्च) तापमान मापन गरिएको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाको विशेष मौसम बुलेटिनमा उल्लेख छ ।

'यस क्षेत्रमा बढ्दो गर्मीका कारण बिरामीको चाप पनि बढ्दै गएको छ,' भैरहवा भीम अस्पतालका सूचना अधिकारी डा. आरिफ अन्सारीले भने, 'सामान्य अवस्थामा दैनिक २०० सम्म बिरामी आउने भीम अस्पतालमा अहिले दैनिक ३५० बढी आउने गरेका छन् ।

उनका अनुसार अधिकांश झाडापखाला, वान्ता, आँउ एलर्जी, अपच, जण्डिस, कमलपित्त, श्वासप्रश्वास, भाइरल ज्वरोका बिरामी बढी आउने गरेका छन् । उनले भने, 'गर्मीले मुख सुक्ने, पानीको कमी हुनेलगायतका समस्या देखिएका बिरामीलाई झोलिलो पदार्थ खान सुझाव दिने गरेका छौं ।'

अत्यधिक गर्मी र तातो हावाले वायु प्रदूषण हुने र त्यसले बालबालिका, वृद्धवृद्धालगायत बिरामीको श्वासप्रश्वाससमेतमा असर पुर्‍याउने गरेको युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज रानीगाउँ भैरहवाका एसोसिएट प्रोफेसर तथा बालरोग विशेषज्ञ डा. नगेन्द्र चौधरीले बताए । *रासस*

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८०/०३/०१**

यस कम्पनीको मिति २०८०/०२/२७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक कम्पनी **इम्पेरियल फेसिलिटी म्यानेजमेन्ट सर्भिसेज प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **लिडर्स बिजनेस ग्रुप प्रा.लि.** (परिवर्तित नाम)कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०२/३० गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लिडर्स बिजनेस ग्रुप प्रा.लि.** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रोपटक प्रकाशित मिति : २०८०/०३/०१**

यस कम्पनीको मिति २०७९/१०/२२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक कम्पनी (**नरसिंह इन्टरप्राइजेज प्रा.लि.**) मा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम (**नरसिहं ईन्टरप्राइजेज प्रा.लि)को** कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/१०/२३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **नरसिहं ईन्टरप्राइजेज प्रा.लि. नं.२४१५१४**) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **डाइनामिक स्टाफिङ्ग सोलुसन नेपाल प्रा.लि.** (श्रम ईजाजत पत्र नः ८९६/०६७/०६८ ) मा कार्यरत निम्न कर्मचारीलाई यस कार्यालयबाट हटाइएको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निज व्यक्तिसँग यस प्रा. लि. को नाममा वैदेशिक रोजगार सम्वन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदी यसो गरे गराएमा यस प्रा. लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा (७) दिन भित्र यस प्रा. लि. मा वा बैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| नाम थर | ना.प्र.नं. | ठेगाना |
|---|---|---|
| नेमा दोर्जे लामा | २६/१०२६ | सिन्धुपालचोक |

**DYNAMIC STAFFING SOLUTION NEPAL PVT. LTD.**
श्रम इजाजत नं. ८९६/०६७/६८
Samakhusi, Kathmandu, Nepal, Ph No.: +977-01-4357828, 4359518
P.O. Box: 5354, Town Planning, Web:info@dssnepal.com.np


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **REGIONS WATER PROOFING & CONTRACTING L.L C**

पूर्व स्वीकृति मिति : २०८०/२/११ | पुन विज्ञापन स्वीकृति मिति :२०८०/०२/३२ | LT No.286603 | चलानी नं : ६०२०२०१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labourer | 20 | 0 | 800 | २८,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Brick Mason | 80 | 0 | 1100 | ३९,५०० | | | | | | | |

कम्पनी : **SEATTLE INTERNATIONAL SERVICES**

पूर्व स्वीकृति मिति :२०७९/०६/०६ | पुन विज्ञापन स्वीकृति मिति :२०८०/०२/३२ | LT No.272193 | चलानी नं. ६०१८८१३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Civil Engineer Labourer | 9 | 0 | 900 | ३२,३१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार ८ गते (23rd June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**
श्रम ईजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



## कतार/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **OLAA BEAUTY SALON COMPANY WLL / ALL BEAUTY SALON FOR LADIES BEAUTY CO. WLL**

पूर्व स्वीकृति मिति : २०७९/०४/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/३२ | LT. No. 267807 | चलानी नं.६०१८४५२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 1 | 150 | ६४,३७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Lash & Nail Technician | 0 | 1 | 150 | ६४,३७० | | | | | | | |
| 3 | Nail Technician | 0 | 1 | 150 | ६४,३७० | | | | | | | |

कम्पनी : **MISS LOUNGE BEAUTY SALON**

पूर्व स्वीकृति मिति २०७९/०५/१० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/३२ | LT. No. 270428 | चलानी नं. ६०१८६१९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Dresser | 0 | 2 | 150 | ६४,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार ८ गते (23rd June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **KUAL TECHNOLOGIES SDN BHD**

पूर्व स्वीकृति मिति २०८०/०२/२९ | LT. No.287673 | चलानी नं. ६०२०३१९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 25 | 0 | 1500 | ४२,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार ८ गते (23rd June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MOBHIRA H.R. SERVICE PVT. LTD.**
श्रम ईजाजत नं. १००१/०६८/६९
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4488855/4488856



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **TAWASUL TRANSPORT L.L.C**

पूर्व स्वीकृति मिति : २०७८/०८/१० | पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/३२ | LT. No. 251445 | चलानी नं. ६०१६८८५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Vehicle Driver | 44 | 0 | 1500 | ५३,८७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० असार ८ गते (23rd June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ५४२/०६१/०६२
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Fax:- + 977-1-4989762
Email: mbkoverseas@gmail.com, www.mbkoverseas.com
Contact: 9841935884, 9841541592, 9808658844, 9842716845, 981533303


## धितो लिलाम बिक्री गर्ने बारे ७ (सात) दिने सार्वजनिक सूचना

**(तेस्रो तथा अन्तिम पटक सूचना प्रकाशित मिति २०८०/03/01 गते शुक्रबार)**

यस सहकारी संस्थाको मुख्य कार्यालय चावहिल काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले यस संस्थावाट लिनु भएको कर्जा रकम संस्थासँग कर्जा लिदा गर्नुभएको शर्त कबुलियत बमोजिम तिर्न बुझाउनको लागि यस संस्थाबाट पटकपटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणीले कर्जा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेकाले संस्थाले कर्जा असुल उपर गर्नका लागि मिति र २०७९/०५/२२ र २०७९/०७/२० गतेको **प्रभाव राष्ट्रिय दैनिक**मा कर्जा चुक्ता गर्ने तथा मिति २०७९/०८/२० र २०८०/०१/११ गतेको **प्रभाव राष्ट्रिय दैनिक**मा धितो लिलाम बिक्री सम्बन्धी क्रमशः ३५ र १५ दिने सार्वजनिक सूचना प्रकाशित भईसकेपछि ऋणीको तर्फबाट कर्जा चुक्ता गर्नको लागि केहि समय माग गरि धितो लिलामी प्रक्रिया रोकि दिन माग भई आएको र संस्थाले पनि ऋणीले माग गरेको समयाबधीसम्मको लागि धितो लिलामी प्रक्रिया रोकी ऋणीलाई कर्जा भुक्तानीको लागि पटक पटक ऋणीले मागेको समय उपलब्ध गराउदा समेत ऋणी आफैले माग गरेको समयभित्र पनि कर्जा चुक्ता नगरेकोले कर्जा सुरक्षणको रूपमा संस्था समक्ष धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा डाँक बढाबढको माध्ययमबाट लिलाम बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पत्तिहरू गोप्य सिलबन्दी बोलपत्र/डाँक बढाबढ बोल कबोल मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरूको अधिनमा रही रीतपूर्वक भरी यस संस्थाको केन्द्रिय कार्यालय, कर्जा असुली शाखा, चावहिल, चुच्चेपाटी, काठमाडौंमा आइपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको चल अचल सम्पति लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा संस्थाले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर हुन नसकेमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराइन्छ ।

**तपसिल**

| क्र.स. | ऋणीको विवरण | धितो विवरण | साक्षी जमानीको विवरण |
|---|---|---|---|
| १. | **नाम थर : बुनु राई**<br>नागरिकता नं: २७१०१९/४५६१८ काठमाडौं<br>पतिको नाम : धन कुमार राई<br>ससुराको नाम : शिव बहादुर राई<br>स्थायी ठेगाना : बढानीलकण्ठ न.पा वडा नं ७ हेपाली हाइट | यस संस्थाका ऋणी बुनु राईको नाममा मालपोत कार्यालय कलंकी, काठमाडौमा दर्ता श्रेष्ता कायम रहेको साविक इचगुंनारायण गा.बि.स वडा नं.६ स्वयम्भुको कित्ता नं.४३६, सिट नं.१०२१०२२२४ को क्षेत्रफल १२३.२१ व.मि जग्गा र सो जग्गामा बनेको घर र लिगलिगापात समेत | **१. नाम थरः धन कुमार राई**<br>स्थायी ठेगाना : बाकाचोक १ खोटाङ<br>हालको ठेगानाः का.जि बु.न.पा ७ हेपाली हाइट<br>**२. नाम थरः सिद्धार्थ राई**<br>नागरिकता नं २७-०१-७३-०६०२०, काठमाडौं<br>ठेगाना : का.जि बु.न.पा ७ हेपाली हाइट |

**धितो लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा बन्देजहरूः**

१. बोलपत्र आवेदन फाराम यस संस्थाको मुख्य कार्यालय चावहिल, चुच्चेपाटीबाट रु ५००/- तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्र साथ आफूले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको प्रभु बैंक लिमिटेड, चावहिल शाखामा रहेको खाता नं. ११८००७३५३७९०००२२ मा जम्मा गरेको भौचर बोलपत्रमा संलग्न गरी पेश गर्नु पर्नेछ ।
४. लिलाम बढाबढ बोलपत्र/डाँक बढाबढ बोलकबोल हुने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थानमा दिनको २:३० बजे प्रतिनिधीहरूको उपस्थितिमा खोलिने छ ।
५. उल्लेखित चल अचल सम्पत्तिको बारेमा कसैलाई आवश्यक जानकारी चाहिएमा कार्यालय समयभित्रमा यस संस्थाको केन्द्रिय कार्यालय चावहिल, चुच्चेपाटीमा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ दिनभित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनुपर्नेछ र सो कार्यको लागि मालपोत कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क दस्तुर स्वयम् बोलकबोल गर्नेले नै व्यहोनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
८. बोलपत्र दाखिल भई सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता दिईने छैन ।
९. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा नै सुरक्षित रहनेछ ।
१० लिलाम बिक्री गर्दा ऋणी सदस्य स्वयं उपस्थित भई ऋण चुक्ता गरी आफ्नो सम्पत्ति सकार गर्न चाहेमा पहिलो प्राथमिकता ऋणी सदस्यलाई हुनेछ ।

**सिलबन्दी बोलपत्र/ लिलाम बढाबढको कार्यक्रम हुने मिति, समय र स्थान**

**मिति २०८०/०३/०७ गते, बिहिवार**
**समय अपरान्ह २:३० बजे**
**स्थान : संस्थाको मुख्य कार्यालय, चुच्चेपाटी, चावहिल ।**

**पुनश्चः ऋणी एवं धितो लेखिदिनेलाई सूचनाः**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको मितिमा धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम विक्री भएमा वा संस्था आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरि लियो भनी कहिकतै उजुर बाजुर गर्न पाइने छैन । उक्त सम्पत्ति लिलाम विक्री गर्दा वा पुनःमूल्याङ्कन गरी संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पत्तिहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ ।

**शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को–अपरेटिभ लि.**
मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाडौं
फोन नं.४५६१३२७, ४५६१७५६
सदस्य सेवा केन्द्र, न्युरोड, काठमाडौं

प्रभाव दैनिक




## आशिषको नयाँ गीतमा प्रभात र गरिमाको रोमान्स

गायक आशिष अविरल र गायिका सुशीला पाठकको स्वरमा रहेको गीत 'ओ हो नि' को भिडियो सार्वजनिक भएको छ। गीतमा शिव हमालको शब्द र संगीत छ। भिडियोमा प्रभात ठकुरी, गरिमा शर्मा, सुमिन गुरूङ र प्रतिक गौतम फिचर्ड छन्। भिडियोमा सन्जु मगरको कोरियोग्राफी, सुप्रिम पराजुलीको कलर, विकास प्रसाईको सम्पादन, उत्सव दाहालको छायांकन छ। भिडियोको निर्देशन विकास प्रसाईले गरेका हुन्। गीत आशीष अविरलको युट्युब च्यानलबाट सार्वजनिक भएको हो।



शुक्रबार, १ असार २०८० (Friday, June 16, 2023)


# जातीय भेदभावविरूद्धको गीत 'नेपाली हाम्रो जात' सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालमा जातीय भेदभाव विरूद्ध धेरै गीतसंगीतहरू बन्ने गर्छन् । तर फरक मागसहित बनेको नयाँ गीत नेपाली हाम्रो जात सार्वजनिक गरिएको छ ।

डि.आर सुजन, हेमन्त कान्छा रसायली,राजु परियार, धर्म गन्धर्वको स्वर तथा डि.आर सुजनको शब्द रहेको गीतले जातीय विभेद अन्त्यको लागि अन्य गितभन्दा फरक विषयवस्तु उठाएको छ। गीतले जातीय कोटा खारेज गरेर गरिव कोटा लागु गर्न दवाव सिर्जना गरेको छ । जातीय कोटा लागु गर्दा क्षमता भन्दा कमजोर मानीस छनौट हुने भन्दै संविधानले समान मानवको सबै जातलाई फेरि दलित भन्दै कोटा दिएर असमान ब्यवहार गरेको भन्दै शब्दै खारेजिको माग गीतले गरेको छ।

जबसम्म दलित शब्दले तल्लो जाति भन्ने बुझाउँछ भने जातीय भेदभाव कहिलेपनि अन्य नहुने तर्क गीतमा उठाईएको छ। डि.आर सुजनको शब्द तथा संगीत रहेको गीतलाई महेन्द्र भण्डारीको संगीत रहेको छ भने राजेन्द्र बाजुराली/गोबिन्द पराजुली/सागर बाजुराली ले रेकर्ड गरेका छन् ।




गीत मिक्सिङ खडक बाजुराली ले गरेका छन् भने मालश्री स्टुडियोले तयार गरेको गीतकोअडियो/भिडियो भने डि.आर सुजन फिल्म्स प्रा.ली.ले तयार गरेको छ। यस गीतको भिडियोतर्फ परिकल्पना/कथा/निर्देशन डि.आर सुजनको रहेको छ भने गीतको भिडियोमा डि.आर सुजन, बिनोद परियार (झुले)सुरबिर पन्डित, रामबाबु रेग्मी, लोकेन्द्र लेखक, तारा केसि, सरिता राजोपाध्याय, मुकुन्द मैनाली, इश्वोरी बराल, प्रिया पोखेल, आइपी आचार्य, अर्जुन कुवर, अर्जुन कार्की, सुशिला विश्वकर्मा, पुजा श्रेष्ठ, कल्पना मल्ल, सुश्मा खड्का, महेन्द्र शर्मा, बाल कलाकार, सुजित रेग्मी, शोहन थापा आदिले अभिनय गरेका छन् ।

गीतको भिडियोलाई प्रोडक्सन म्यानेजर सुर्य ओल्के गरेका छन् भने मेकअप रोनिशा अधिकारी तथा छायांकन करन चैसिर ले गरेका छन् पोस्ट प्रोडक्सन डि.आर सुजन फिल्म्स गर्ने बनाईएको छ ।

करिव एक हप्तामा रिलिजको तयारी गरिएको गीतलाई जातीय विभाग विरूद्धको गीत भन्दा पनि समानताको गीत भन्न सकिने लेखक तथा संगीतकार डिआर सुजन बताउँछन्। गीत युटुवमा डि.आर सुजनबाट सार्वजनिक गरिएको छ ।

# अवतार–३ अब २०२५ डिसेम्बर १९ मा रिलिज हुने

**लसएन्जल्स (एजेन्सी)–** हलिउड निर्देशक जेम्स क्यामरुनको फिल्म 'अवतार'का सिरिज दर्शकका लागि प्रतिक्षाको विषय हुन् ।

यो फ्रेन्चाइजीमा कुल पाँच फिल्म छन्, जसमा दुई रिलिज भइसकेका छन् भने बाँकी तीन फ्रेन्चाइजीले रिलिजको मिति सार्वजनिक गरिसकेका छन् । 'अवतार २' गत वर्षको डिसेम्बरमा रिलिज भएको थियो ।

यो सिरिज ओटीटी प्लेटफर्ममा पनि आइसकेको छ । तर बाँकी सिक्वेलको रिलिज तोकिएकै समयमा नहुने भएको छ । बाँकी सिरिजको रिलिज मिति निर्माण पक्षले एक वर्ष पछाडि सारेका छन्।

जस अनुसार 'अवतार ३' डिसेम्बर १९, २०२५ मा रिलिज हुनेछ । यसअघि यो फिल्म २०२४ मा रिलिज हुने थियो । यो सिरिज 'अवतार–द वे अफ वाटर'को फलोअप हो। नयाँ क्यालेन्डर अनुसार 'अवतार ४' तेस्रो फिल्मको चार वर्षपछि २१ डिसेम्बर २०२९ मा रिलिज हुनेछ । यो फिल्म यसअघि सन् २०२६ मा आउने चर्चा थियो ।

'अवतार'को अन्तिम फिल्म 'अवतार ५' का लागि दर्शकले ८ वर्ष पर्खनु पर्नेछ । यो फिल्म सन् २०३१ डिसेम्बर १९ मा रिलिज हुनेछ । 'हरेक अवतार फिल्म आफैमा एक जोशिलो र अद्भुत अनुभव हो । यसलाई गुणस्तरका साथ पर्दामा ल्याउन समय लाग्छ। जसका लागि हामी फिल्मकर्मी जुटिरहेका छौं । ताकि दर्शकको आशामा खरो उत्रन सकौं । टीम आफ्नो काममा कडा मेहनत गरिरहेका छन् ।

डिसेम्बर २०२५ मा दर्शकलाई फेरी पेण्डोरामा लैजानका लागि हामी प्रतिक्षामा छौं,' निर्माता जोन लेन्डाउले ट्वीट गरेका छन् ।

# 'गणपति'को सुटिङमा आगलागी

■ प्रभाव संवाददाता



**काठमाडौं–** फिल्म 'गणपति'को छायांकन सेटमा आगलागी भएको छ । बिहीबार बालाजुस्थित चलचित्र विकास संस्थानको ल्याबमा अभिनेत्री वर्षा सिवाकोटीसहित एक सय जना कोरसले नृत्य गरिरहेको सेटमा लोमान बालेर धुवाँ निकाल्ने क्रममा आगलागी भएको हो ।

कविराज गहतराजले नृत्य कोरियोग्राफी गरिरहेका थिए । आगो नियन्त्रणमा आइसकेको भए पनि सेट भने पूर्ण रूपमा जलेर नष्ट भएको लक्ष्मण सुवेदीले बताए ।

आगलागीबाट मानवीय क्षति भएको छैन । तर, सेट जलेर नष्ट हुँदा १० लाख बराबर क्षति भएको बताइएको छ। आगलागीपश्चात् गीतको छायांकन रोकिएको छ । फिल्मको सम्पूर्ण छायांकन भइसके पनि एक गीत खिच्न बाँकी थियो, जुन बिहीबारबाट छायांकन गर्न थालिएको थियो । वर्षा फिल्मको एक गीतमा मात्र देखिँदैछिन् । फिल्मको मुख्य भूमिकामा मुकुन भुषाल र मेनुका प्रधान छन् ।

सविन अधिकारीको लेखन तथा निर्देशन रहेको फिल्ममा कविता न्यौपाने, सूर्यमाला खनाल, प्रकाश घिमिरे, राजाराम पौडेल, पुष्कर गुरुङ, स्व. जयनन्द लामा, अंशु मानन्धर, कालु राना, टीका भक्त जिरेल, देवेन्द्र बब्लु, शुशील पोखरेललगायतको पनि अभिनय छ । फिल्मको प्रस्तुतकर्तामा रामप्रसाद रिजाल, निर्मातामा लक्ष्मण रिजाल र कार्यकारी निर्मातामा विज्ञान केसी र अरविन्द्र गिरी छन् ।

# 'जय हो'को फर्स्टलुक सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी भदौ ८ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'जय हो'को दुई फर्स्टलुक सार्वजनिक भएको छ ।

फिल्म प्रचारप्रसारको सुरुवात गर्न निर्माण टिमले बिहीबार दुई पोस्टर सार्वजनिक गरेको हो ।

सार्वजनिक दुई पोस्टरमा फिल्मका मुख्य कलाकार सलोन बस्नेत, केकी अधिकारी, अर्पण थापा, निशा अधिकारी र माओत्से गुरुङ फिचर्ड छन् । अर्को पोस्टरमा अभिनेता माओत्से गुरुङ र निशा अधिकारीलाई मुस्ताङको स्थानीय गुरुङ पहिरनमा छन्, भने सलोन लामो कपाल र जुंगामा फरक देखिएका छन्। अभिनेत्री केकी अधिकारी नाकमा बुलाकीसहित देखिदा अभिनेता अर्पण थापालाई




नाकबाट रगत बग्दै गरेको घाइते अवस्थामा देख्न सकिन्छ ।

सलोन सलिना फिल्म्स्को ब्यानरमा निर्माण भएको फिल्मका प्रस्तुतकर्ता शोभित बस्नेत हुन्। राज के अधिकारी र सुरज सरकारको लगानी रहेको फिल्मलाई टेक पौरखी राईले निर्देशन गरेका हुन् ।

सौरभ लामाको डिओपी, शम्भुजित बास्कोटा र सागर आलेको संगीत, बनिश शाहको सम्पादन, सम्राट बस्नेतको द्वन्द्व निर्देशन, कविराज गहतराज र रामजी लामिछानेको कोरियोग्राफी, रेनिस फागोको कलर, समीर मियाँको भिएफएक्स, सुवाष काफ्ले प्रोडक्सन हेड, केवलमान सिंह बस्नेत प्रोडक्सन म्यानेजर र समिर खान प्रोडक्सन डिजाइनर रहेको सिनेमाका मुख्य सहायक निर्देशक दिप्त प्रकाश अधिकारी हुन् ।

## रंगशाला

# कुशलको शतकमा ओमानमाथि नेपालको शानदार जित



■ प्रभाव संवाददाता

**काठमाडौं–** ओपनर कुशल भुर्तेलको उत्कृष्ट शतकको सहयोगमा नेपालले आइसीसी विश्वकप एकदिवसीय छनोटको आफ्नो अन्तिम वार्मअप खेलमा ओमानलाई हराएको छ ।

जिम्बावेको हरारेमा बिहीबार भएको खेलमा ओमान २ विकेटले पराजित भएको हो । ओमानले दिएको २ सय ६८ रनको लक्ष्य नेपालले ४४ दशमलव ५ ओभरमा ८ विकेट गुमाउँदै पूरा गर्यो ।

नेपालका कुशल भुर्तेल ९४ बलमा सर्वाधिक १ सय १ रनको शतकीय ईनिङ खेले । भुर्तेलले १३ चौका र २ छक्का प्रहार गरेका थिए । १ सय १ रन भएको अवस्थामा उनी रिटायर्ड आउट भए ।

पहिलो विकेटका लागि कुशलले अर्का ओपनर आसिफ शेखसँग मिलेर ७१ रनको साझेदारी गरे । शेख २४ बलमा २३ रनमा आउट भए ।

दोस्रो विकेटका लागि भीम सार्की र भुर्तेलले १ सय १५ रनको साझेदारी गरे । भीमले ७४ बलमा ५६ रनको अर्धशतकीय ईनिङ खेलेका थिए । कप्तान रोहितकुमार पौडेलले २८ बलमा ३१ रन बनाए । दीपेन्द्रसिंह ऐरीले २२ बलमा २६ रन बनाए ।

कुशल मल्ल १७ रनमा आउट भए । सन्दीप लामिछाने १ बलमा ६ रन बनाउँदै अविजित रहे । ओमानका लागि अकिब ईलियासले ४ तथा फैयाज बटले २ विकेट लिए ।करिमुल्लाह १ विकेट आफ्नो नाम गरे ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको ओमान ४९ दशमलव २ ओभरमा अलआउट हुदै २ सय ६७ रन बनायो । ओमानका लागि कप्तान जिशान मकसुदले १ सय ६ बलमा १ सय ९ रनको शतकीय ईनिङ खेले । मकसुदले १ सय बलमा शतक पूरा गरेका थिए । मकसुदले १५ चौका र १ छक्का प्रहार गरेका थिए ।

नेपालले बलिङमा उत्कृष्ट सुरुआत गरेको थियो । ओमानले ६ दशमलव २ ओभरमा ७ रन जोड्दा ४ विकेट गुमाएको थियो ।

पाँचौ विकेटका लागि कप्तान मकसुद र सोयब खानले १ सय १४ बलमा ९४ रनको साझेदारी गरे पछि ओमान खेलमा फर्किएको थियो । खानले ६८ बलमा ३८ रन बनाए ।

सातौं विकेटका लागि मकशुदले आयान खानसँग १ सय १५ रनको शतकीय साझेदारी गर्दै टोलीलाई बलियो योगफल तर्फ पुर्याएका थिए । खानले ४६ बलमा ५६ रनको अर्धशतकीय ईनिङ खेले ।

आठौं विकेटका लागि खान र नसिम खुसिले २८ रनको महत्वपूर्ण साझेदारी गर्दै टोलीलाई बलियो योगफलमा पुऱ्याए । सन्दीप गोडीले ३१ बलमा १५ तथा नसिम खुसिले ९ बलमा १७ रन बनाए ।

नेपालका लागि सोमपाल कामीले ५ तथा सन्दीप लामिछानेले ३ विकेट लिए । करण केसी, प्रतिश जि.सीले समान १/१ विकेट आफ्नो नाम गरे । विश्वकप छनोट आगामी आईतबारबाट सुरु हुनेछ । विश्वकप छनोटको पहिलो खेलमा नेपालले आईतबार घरेलु टोली जिम्बावेसँग खेल्नेछ । ओमानले भने पहिलो खेल सोमबार आयरल्यान्डविरुद्ध खेल्नेछ ।

# नेपाल फिलिपिन्ससँग पराजित

■ प्रभाव संवाददाता




**काठमाडौं–** फिफा अन्तराष्ट्रिय मैत्रीपूर्ण खेलमा नेपाल घरेलु टोली फिलिपिन्ससँग पराजित भएको छ । रिजल मेमोरियल स्टेडियममा बिहीबार भएको खेलमा नेपाललाई फिलिपिन्सले १-० गोल अन्तरले हराएको हो ।

पहिलो हाफ गोलरहित बराबरीमा सकिएको खेलको दोस्रो हाफमा नेपालले गोल खाएको थियो। फिलिपिन्सको जितमा जार्भे गायोसोले ४९ औं मिनेटमा निर्णायक गोल गरे । फिलिपिन्सविरुद्ध डिफेन्डर विमल पाण्डे र मिडफिल्डर लाकेन लिम्बुले राष्ट्रिय टोलीमा डेब्यु गरेका छन् । दुबै खेलाडी सुरुआती-११ मा पर्दै डेब्यु गरेका हुन् । भारतमा आयोजना हुने १४ औं संस्करणको साफ च्याम्पियनसिपको तयारी अन्तर्गत नेपालले फिलिपिन्ससँग मैत्रीपूर्ण खेल खेलेको हो ।

भारतको बेंगलुरुमा आयोजना हुने साफ असार ६ देखि १८ गतेसम्म हुनेछ । यस संस्करणको च्याम्पियनसिपमा नेपालसहित आयोजक भारत, बंगलादेश, कुवेत, लेबनान, भुटान, पाकिस्तान, माल्दिभ्सले सहभागिता जनाउने छन् । यस पटक कुवेत र लेबनानले आमन्त्रित टोलीको रूपमा साफ खेल्ने छन् ।

साफमा नेपाल समूह 'ए' मा रहेको छ । नेपालको समूहमा साविक विजेता भारत, कुवेत र पाकिस्तान रहेको छ। समूह 'बी' मा लेबनान, माल्दिभ्स, भुटान र बंगलादेश रहेको छ ।

साफको उद्घाटन खेलमा नेपाल र कुवेतबीच प्रतिस्पर्धा हुनेछ। असार ६ गते हुने नेपाल र कुवेतबीचको उद्घाटन खेल नेपाली समय अनुसार पौने ४ बजे सुरु हुनेछ। दोस्रो खेलमा नेपालले ९ असारमा आयोजक भारतसँग खेल्नेछ । तेस्रो तथा समूह चरणको अन्तिम खेलमा १२ असारमा पाकिस्तानविरुद्ध खेल्नेछ ।

माल्दिभ्समा आयोजना भएको १३ औं साफ च्याम्पियनसिपमा नेपाल उपविजेता बनेको थियो। नेपाल उपाधि भिडन्तमा भारतसँग ३-० ले पराजित भएको थियो ।

# एसिया कप हाईब्रिड मोडलमा हुने

**एजेन्सी –** एसिया कप २०२३ हाईब्रिड मोडलमा आयोजना हुने भएको छ। यस संस्करणको एसिया कप हाईब्रिड मोडल अनुसार पाकिस्तान तथा श्रीलंकामा आयोजना हुनेछ ।

एसिया कपका लागि पाकिस्तान क्रिकेट बोर्ड (पिसिबी) ले प्रस्ताव गरेको हाइब्रिड मोडेललाई एसियन क्रिकेट काउन्सिल (एसीसी) ले अनुमोदन गरेको हो । हाइब्रिड मोडल अनुमोदन सँगै एसिया कपको मिति समेत टुगों लागेको छ। एसिया कप ३१ अगस्ट बाट १७ सेप्टेम्बरसम्म ( भदौ १४ देखि ३१ गते सम्म) आयोजना हुने भएको छ ।

जसमा श्रीलंका तटस्थ स्थल हुनेछ । जहाँ भारतले आफ्नो खेल खेल्ने छ। यो मोडल अनुसार पाकिस्तानमा प्रतियोगिताका १३ खेलमध्ये समूह चरणका भारत बाहेका ४ खेल हुनेछ । भारत र पाकिस्तानबीचको सबै खेल श्रीलंकामा खेलाइनेछ । फाइनल समेत श्रीलंकामा हुनेछ ।

पाकिस्तानले सुरुमा युएईलाई दोस्रो स्थलको रूपमा प्रस्ताव गरेको थियो । सो समयमा युएईमा हुने गर्मीलाई मध्यनजर गरेर पाकिस्तान पछि हटेको बुझिएको छ ।

विश्वकपको तयारीका लागि ५० ओभरको ढाँचामा आयोजना हुने एशिया कपमा नेपालसँगै भारत र पाकिस्तान समूह ए मा छन्। अर्को समूहमा श्रीलंका, बंगलादेश र अफगानिस्तान छन् ।

सन् २०२२ को ढाँचामा जस्तै प्रत्येक समूहका शीर्ष दुई टोली सुपर फोर राउन्डमा पुग्नेछन् । त्यसपछि शीर्ष दुई टोलीले फाइनल प्रतिस्पर्धा गर्नेछन् ।

# नेपालद्वारा पाकिस्तान पराजित

**माले (एजेन्सी)–** माल्दिभ्समा जारी फाइभ नेसन्स पुरुष बास्केटबल च्याम्पियनसिपमा नेपालले पहिलो जित निकालेको छ। मालेमा बिहीबार पाकिस्तानलाई हराउँदै नेपालले पहिलो जित निकालेको हो। नेपालले पाकिस्तानलाई ६६-६२ ले हराएको हो। पाकिस्तानलाई हराएसँगै नेपालले सेमिफाइनल पुग्ने मौका जीवित राखेको छ । पहिलो खेलमा नेपाल भुटानसँग पराजित भएको थियो । नेपालले बंगलादेशसँग शनिबार तेस्रो खेल खेल्नेछ । यस्तै नेपालले लिगको आफ्नो अन्तिम खेलमा आइतबार घरेलु टोली माल्दिभ्ससँग खेल्नेछ ।

# भारत-अमेरिका साझेदारी नयाँ चरणमा पुग्ने विश्वास

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति जो बाइडेन र प्रथम महिला जिल बाइडेनको निमन्त्रणामा प्रधानमन्त्री नरेन्द्र मोदीको आगामी साता हुने अमेरिकाको राजकीय भ्रमणबाट भारत-अमेरिका सम्बन्ध नयाँ चरणमा प्रवेश गर्ने एक कूटनीतिज्ञले बताएका छन् ।

संयुक्त राज्य अमेरिकाका लागि भारतका राजदूत तरनजीतसिंह सन्धुले प्रधानमन्त्रीको भ्रमणबाट दुई देशबीचको सम्बन्धमा अर्को अध्याय थपिने बताउँदै त्यसले नयाँदिल्ली र वासिङ्टनको साझेदारीलाई सुदृढ बनाउने बताए । प्रधानमन्त्री मोदी र संयुक्त राज्य अमेरिकाका राष्ट्रपतिबीचको घनिष्ठमैत्रीलाई पनि भ्रमणले प्रतिविम्बित गरेको उनले बताए । एएनआई प्रतिनिधिसँगको कुराकानीमा राजदूत सन्धुले दुवै देशका मन्त्रिपरिषद्का सदस्यहरू र वरिष्ठ अधिकारीहरूले राजकीय भ्रमणबाट प्राप्त हुने उपलब्धिको प्रतीक्षा गरिरहेका बताउँदै उनले नयाँदिल्ली र वासिङ्टनको सम्बन्ध सही दिशामा अघि बढिरहेको सुनिश्चित हुने जनाए । भूमण्डलीकरणको सन्दर्भमा भारत-अमेरिका साझेदारीका विविध पक्षबारे चर्चा गर्दै भारतीय राजदूतले व्यापार, रक्षा, रणनीतिक सहयोग, प्रविधि, उच्च शिक्षा र स्वच्छ ऊर्जा क्षेत्रमा दुवै देश सहकार्य गर्न उत्सुक रहेका बताए ।

पारस्परिक विश्वास र साझेदारीलाई थप सुदृढ बनाउन तथा जनस्तरको सम्बन्धलाई पनि अझ घनिभूत तुल्याउन प्रधानमन्त्री मोदीको भ्रमण फलदायी हुनेमा आफू विश्वस्त रहेको राजदूत सन्धुले बताएका छन् ।

रुसले युक्रेनमाथि गरेको आक्रमणलाई बेवास्ता गरेको भारतले मस्कोसँगको साथ र सहयोगलाई बढाएको छ । वासिङ्टन र मस्कोबीचको सम्बन्ध अधिक चिसिएको अहिलेको अवस्थामा पनि रुसको मौन समर्थक भारतसँगको आफ्नो व्यवहारमा अमेरिकाले कुनै परिवर्तन गरेको छैन ।

चीनसँगको बिग्रिएको सम्बन्धलाई सन्तुलनमा राख्न वासिङ्टनले नयाँदिल्लीसँगको सम्बन्धलाई उच्च प्राथमिकता दिएको विश्लेषक बताउँछन् । मध्य तथा दक्षिण एसियाली क्षेत्रमा चीनको प्रभाव कम गर्न अमेरिका भारतसँग निकट सम्पर्कमा काम गर्न सधैं तत्पर रहेको छ । *रासस/एएनआई*

# रुस-अस्ट्रेलिया विवाद उत्कर्षमा

**क्यानबेरा–** नयाँ राजदूतावास भवन निर्माणको विषयलाई लिएर रुस र अस्ट्रेलियाबीचको विवाद उत्कर्षमा पुगेको छ । अस्ट्रेलियाको संसद्नजिक दूतावास भवन निर्माण भएमा त्यसबाट राष्ट्रिय सुरक्षा सुरक्षामा गम्भीर जोखिम उत्पन्न हुने भन्दै क्यानबेराले निर्माणका काम रोकेको छ ।

नयाँ दूतावास निर्माण रोकिएपछि रुस कानुनी उपचारको बाटो रोज्न बाध्य भएको र कानुनी सल्लाह लिइरहेको एक जना कूटनीतिज्ञले बताएका छन् ।

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानीजले देशको संसद् भवनको पारिपट्टी नयाँ दूतावास निर्माण गर्ने रुसको प्रस्तावित भवन निर्माणस्थलप्रति आपत्ति जनाउँदै त्यसले राष्ट्रिय सुरक्षामा जोखिम हुने बताएका छन् । उनको यो अभिव्यक्तिसँगै रुसी पक्ष कानुनी उपचारको बाटोमा जान लागेको हो । *रासस/सिन्ह्वा*


## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Nasser Outsourcing Consultants Pvt.ltd.** इजाजत नम्बर ६१९/०६३/०६४ मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजहरुसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| नाम थर | ना.प्र.नं. | पद |
|---|---|---|
| रचना श्रेष्ठ | २१-०१-७४-००६०० | रिसेप्सेनिस्ट |
| पदम बहादुर गुरुङ्ग | २४२६९ | सेक्युरिटि गार्ड |

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MAXCO FOOD INDUSTRIES SDN BHD

पूर्व स्वीकृति मिति २०७९/04/10 पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/३२ LT. No. 267958 चलानी नं. ६०१८३८६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 4 | 0 | 1500 | ४२,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ८ गते (23rd June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.** Govt. License 430/060/061
Koteshwor-32 Kathmandu, Nepal, Tel: +97714361975, Fax: +977 1 4364821



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : STEP FURNITURE MANUFACTURER SDN. BHD.

पूर्व स्वीकृति मिति:२०७९/03/13 पुन विज्ञापन स्वीकृति मिति:२०८०/०२/३२ चलानी नं.६०१८१९४९ LT. No.265970

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 21 | 0 | 1500 | ४२,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ८ गते (23rd June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SAUGAT EMPLOYMENT SERVICE PVT. LTD.** श्रम ईजाजत नं. १२२१/०७४/०७५
Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal, Tel: +977-01-4489384, 4589384 Mob.9851086131, 9851067178, 9813129122, E-mail : saugatemployment1221@gmail.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : BERKELEY WORLDWIDE POWERTRAIN SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०१/२० पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/३२ LT. No. : 285499 चलानी नं.६०२००९२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४२,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ८ गते (23rd June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Greenland Services Pvt. Ltd.**
"A Complete Ethical Recruitment Agency"
Basundhara,Kathmandu, Nepal
Tel: +977 1 5916353
Email: greenlandnepal@gmail.com, Website: www.greenlandnepal.com
श्रम ईजाजत नं. १५९३/०७९/०८०



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EZALARAB SERVICES

पूर्व स्वीकृति मिति: २०८०/०२/३१ LT. No. 287700 चलानी नं.६०२०३०८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Customer Services | 0 | 2 | 1200 | ४३,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Ground Steward | 0 | 9 | 1000 | ३६,२२० | | | | | | | |
| 3 | Waiter | 0 | 3 | 1200 | ४३,४६५ | | | | | | | |
| 4 | General Clean Worker | 0 | 3 | 1000 | ३६,२२० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ८ गते (23rd June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067
Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np



## साउदीमा रोजगारको अवसर

कम्पनी : BASMAH AL MUSANADA CO.FOR TECHNICIAL SUPPORT SERVICES

पुर्व स्वीकृति मिति २०७८/०५/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०२/३२ LT No.245101 चलानी नं. ६०१६३०५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 23 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ८ गते (23rd June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.** श्रम ईजाजत नं. १३६३/०७४/०७५
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MENG CHOON AGRICULTURE SDN BHD

पुर्व स्वीकृति मिति २०७९/04/31 पुर्व स्वीकृति मिति २०८०/०२/३२ LT. No.269659 चलानी नं.६०१८५५१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker. | 60 | 0 | 1500 | ४२,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ८ गते (23rd June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Himalayan Human Resources Nepal Pvt. Ltd.** श्रम ईजाजत नं. ४५१/०६०/०६१
Tokha-5, Basundhara Chowk, Nepal, Tel: 01-4354342,
Mob: 9803089086, 9823348542, 9841206595
E-mail : hrnhimalayan@gmail.com
Website : www.hrnhimalayan.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GULF DIMENSIONS TRANSPORTATION EST.

पूर्व स्वीकृति मिति २०७९/१०/०९ पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/३१ LT. No.279846 चलानी नं. ६०१९५४५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 6 | 0 | 1800 | ६३,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ७ गते (22nd June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**यो विज्ञापन LT No. 279846 मिति: २०८०/०२/३२ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।**

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : WARISAN PUSTAKA SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/११/३० पुन विज्ञापन स्वीकृति मिति २०८०/०२/३२ LT. No.282521 चलानी नं. ६०१९८०७१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 2 | 0 | 1500 | ४२,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० असार ८ गते (23rd June. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Haya Recruitment Pvt. Ltd.** श्रम ईजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610
E-mail : alhaya.recruitment@gmail.com


## बिमालेख हरायो

मिति २०८०/०१/२५ गते, बानेश्वर देखि बुढानिलकण्ठसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : अरोज गौतम**
**विमालेख नं : १००१०५७३९**
**LIC Nepal Ltd**
**ठेगाना : वनिगामा, मोरङ्ग**
**सम्पर्क नं : ९८५१०६१२४७**

## बिमालेख हरायो

मिति २०८०/०१/२५ गते, बानेश्वर देखि बुढानिलकण्ठसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : दिप्सना खड्का**
**विमालेख नं : १००१०५८३१**
**LIC Nepal Ltd**
**ठेगाना : वनिगामा, मोरङ्ग**
**सम्पर्क नं : ९८५१०६१२४७**


## Royal Kathmandu Himalaya Beverage Pvt.Ltd.

Banepa -13, Kavre

**Price List 2080/81**

Vat no.304502613
Excise no. 304502613-69-50955

| S.N. | Brand Name | Packaging | Stockist Price | Margin | RD Price | Margin | Dealer Price | Margin | W/S Price | Margin | Retai Price | Margin | MRP. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | **Big Master Regular** Perfect Fruit Red /Mix Fruit White Wine | 12*750ml | 7,279.91 | 546.00 | 7,825.91 | 391.29 | 8,217.20 | 534.12 | 8,751.32 | 437.57 | 9,188.89 | 1,011.11 | 850.00 |
| 2 | **Big Master Premium** Perfect Fruit RedSweet/Apple Sweet White/Red Semi-Sweet/Mix Fruit /Red Dry Wine | 12*750ml | 7,921.75 | 594.13 | 8,515.88 | 425.79 | 8,941.67 | 581.21 | 9,522.88 | 476.14 | 9,999.02 | 1,100.98 | 925.00 |
| 3 | **Black stone wine** Red Sweet / White Sweet Wine | 12*750ml | 6,671.97 | 500.40 | 7,172.37 | 358.62 | 7,530.99 | 489.51 | 8,020.50 | 401.02 | 8,421.52 | 1,178.48 | 800.00 |
| 4 | **Napa Valley Wine** Red Sweet / White Sweet Wine & Ground Apple Yacon Sweet White/Dry White Wine | 12*750ml | 8,993.00 | 674.47 | 9,667.47 | 483.37 | 10,150.84 | 659.80 | 10,810.64 | 540.53 | 11,351.17 | 1,248.83 | 1,050.00 |
| 5 | **Bigmaster Box wine** Red Sweet /Apple Sweet White /Mix Fruit Wine | 4*4ltrs | 11,726.69 | 820.87 | 12,547.56 | 627.38 | 13,174.94 | 856.37 | 14,031.31 | 350.78 | 14,382.09 | 1,437.91 | 3,955.00 |
| 6 | **Big master Premium** - Perfect Fruit RedSweet/Grape Sweet White/Apple Sweet White Wine | 24*375ml | 8,174.87 | 613.11 | 8,787.98 | 439.40 | 9,227.38 | 599.78 | 9,827.16 | 491.36 | 10,318.52 | 1,081.48 | 475.00 |

उपरोक्त दररेट मिति २०८०/०३/१५ गते देखि आथिक बर्ष २०८०/८१ को लागि अर्को सूचना प्रकाशित नभए सम्मको लागि लागु हुने सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उपरोक्त दर रेटमा मु.अ.कर समेत समावेश छ । उल्लेखित मुल्यमा आवश्यक परि आएको खण्डमा व्यापारीक एवम अन्य छुटहरु र हाल अनुमान गर्न नसकिने खर्चमा सोधभर्ना उपलब्ध गराउन सकिने छ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ११११००० | प्रति तोला - ११०४५० | प्रति तोला - १४०५ |



**धानको बीउ राखिँदै** | तनहुँको भानु नगरपालिका-८ स्थित खेतमा धानको बीउ राख्दै किसान । लामो समय खडेरी परेपछि धान रोप्ने बेलामा किसानले धानको बीउ राख्दै छन् ।
*तस्बिर: मिला दरै/रासस*

# विद्युत् व्यापारका लागि तयार रहन निजी क्षेत्रलाई आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले निजी क्षेत्रलाई छिट्टै बिजुली व्यापारका लागि अनुमति दिने संकेत गरेका छन् । उनले त्यसका लागि तयारी अवस्थामा रहन आग्रहसमेत गरेका छन् । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इपान)को २१औँ वार्षिक साधारणसभाको उद्घाटन कार्यक्रममा उनले बिजुली व्यापारमा क्रमशः निजी क्षेत्रलाई अनुमति दिइने बताए ।

मन्त्री बस्नेतले अब विद्युत् व्यापारका लागि पनि निजी क्षेत्र तयारी अवस्थामा बस्न आग्रह गरेका हुन् । प्रधानमन्त्रीको भारत भ्रमण एउटा 'ब्रेक थ्रु' भएको भन्दै उनले हाल परिस्थिति धेरै परिवर्तन भइसकेको स्पष्ट पारे ।

भारतलाई बिजुली बिक्रीका लागि भएको सहमतिलाई कार्यान्वयन गरिने उनको भनाइ छ । ऊर्जामन्त्री बस्नेतले त्यो सम्भव रहेको बताए । 'सम्भव नभई त निर्णय हुन पनि सम्भव थिएन । निर्णय हुनु नै यो सम्भव हुनु हो । कार्यान्वयनमा जान्छ । ढुक्क हुनुस्,' उनले भने ।

हाल बुझाइ र परिस्थितिमा अन्तर रहेको भए पनि आगामी १० वर्षभित्र १० हजारमात्रै होइन १५ देखि २० हजार मेगावाट बराबरको बिजुली बिक्रीका लागि परिस्थिति बन्ने उनले जिकिर गरे । उत्पादन बढी भएपछि भारत, बङ्गलादेशलगायतका मुलुकसँग व्यापारको कुरा भए पनि पूर्वाधार निर्माणमा ठूलो लगानीको आवश्यकता रहेको मन्त्री बस्नेतको भनाइ छ । उनले लगानीको वातावरण बनाउन नीतिगत व्यवस्था सुधार गर्ने, सेवाप्रवाह चुस्त बनाउनेलगायतका कुरा ध्यानमा राखेर अघि बढ्नुपर्नेमा जोड दिए ।

'उत्पादन गरेरमात्र पुग्दैन । पहिला लगानीको वातावरण बनाएर उत्पादन बढाउने र पूर्वाधार बनाएर त्यसलाई व्यापारसँग जोड्ने नीति सरकारले लिएको छ,' उनले भने ।

सरकारले स्पष्ट लक्ष्य निर्धारण गरेको जानकारी दिँदै उनले सो लक्ष्य पूरा गर्न एवं अप्ठ्यारा हटाएर अगाडि बढिने र समस्या समाधान गरिने बताए । उनले भने, 'मुलुकको समृद्धिको निम्ति आधार भनेकै ऊर्जा हो, त्यसमा हामी स्पष्ट छौँ ।' उत्पादनको दृष्टिबाट हेर्दा पूर्वाधार अभावजस्तो देखिए पनि निर्माणाधीन प्रसारणलाइन र सबस्टेशन बनिसक्दा फेरि उत्पादनमै फर्किनुपर्ने अवस्था आउने पनि मन्त्री बस्नेतको भनाइ छ ।

बिजुलीको खपत बढाउनका लागि शतप्रतिशत विद्युतीकरण, औद्योगिक खपत बढाउने, घरायसी प्रयोजनमा ग्यास विस्थापित गर्ने, सिँचाइ, यातायातलगायतका सबै क्षेत्रमा ऊर्जा खपत बढाउने अभियान पनि सुरु गर्न लागेको मन्त्री बस्नेतले जानकारी दिए ।

बजेट निर्माणलगायतका काममा व्यस्त हुँदा विद्युत् विधेयक पहिला संसद्मा लैजान नसकिएको जानकारी दिँदै उनले केही समयलगत्तै सो विधेयकले संसद्को कार्यक्षेत्रमा प्रवेश पाउने उनको भनाइ छ । उनले भने, 'अब निजी क्षेत्रले व्यापार गर्ने बेला आएको छ । तपाईंहरू तयार हुनुस् । सरकार हातेमालो गरेरै अघि बढ्छ ।'

कार्यक्रममा विद्युत् नियमन आयोगका अध्यक्ष दिल्लीबहादुर सिंहले जलविद्युत् आयोजनालाई हकप्रद सेयर जारी गर्न अनुमति दिएपछि पाँच मेगावाटको आयोजनाले पनि ५० मेगावाटको अर्को आयोजना बनाउन सुरु गरेको बताए । उनले प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणमा ठूलो उपलब्धि भएको उल्लेख गरे । 'हिजो ५० मेगावाट बिजुली किनिदिनुस् भन्ने अवस्था थियो । दुई सय मेगावाट किन्दा पनि दङ्ग पर्थ्यौं । अहिले त एकैपटक १० हजार मेगावाटको सम्झौता भयो । यो निकै ठूलो उपलब्धि हो ।'

बङ्गलादेशसँग विद्युत् व्यापारका लागि नेपाल र बङ्गलादेश दुवैले भारतसँग बाटो माग्ने र डेडिकेटेड प्रसारण लाइन आफैं बनाउनुपर्नेमा उनको जोड छ । निजी क्षेत्रले यस क्षेत्रमा महत्वपूर्ण काम गरेको उनको भनाइ छ । निजी क्षेत्रले विद्युत् व्यापार गर्ने कुरा आउँदा प्रसारण लाइनको कुरा आउँछ । तर ग्रीड कोडसम्बन्धी निर्देशिका बनाएको चार महिनासम्म पनि सुझाव नआएको उनको भनाइ छ ।

# वित्तीय संघीयता सुदृढीकरणका लागि विश्व बैंकका सुझाव

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले वित्तीय संघीयताको क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको भए पनि प्रदेश र स्थानीय तहमा नियामकीय संरचना, संस्थागत व्यवस्था, जनशक्ति क्षमतामा वृद्धि गर्नुपर्नेमा जोड दिइएको छ । सार्वजनिक वित्तीय व्यवस्थापन प्रणालीलाई सुदृढ बनाउन थप काम गर्न आवश्यक रहेको विश्व बैंकद्वारा आज सार्वजनिक पहिलो वार्षिक नेपाल वित्तीय संघीयता प्रतिवेदनमा उल्लेख गरिएको छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष बालानन्द पौडेलका अनुसार प्रतिवेदनले नेपालमा वित्तीय संघीयताका उपलब्धिहरूमा सुधार ल्याउन गर्नुपर्ने काम, त्यसको अनुक्रम, समयसीमा र कार्यान्वयनका लागि जिम्मेवार निकायसम्बन्धी स्पष्ट विवरणसहितको वित्तीय संघीयता मार्गचित्र तयार गर्नुपर्ने आवश्यकतामाथि जोड दिएको छ ।

आर्थिक वर्ष २०७७/७८ मा प्रदेश तथा स्थानीय सरकारहरूले संघीय रकमको झन्डै ३६ दशमलव सात प्रतिशत रकम अन्तरसरकारी वित्त हस्तान्तरणमार्फत प्राप्त गरेका थिए । उक्त रकम प्रदेश तथा स्थानीय सरकारको कुल आम्दानीको ६४ दशमलव आठ प्रतिशत बराबर हो ।

पछिल्ला पाँच वर्षमा स्थानीय सरकारहरूलाई गएको अनुदानमध्ये सबैभन्दा बढी र तुलनात्मकरूपमा उच्च वृद्धि सशर्त अनुदानको रहेको छ । प्रतिवेदनअनुसार ठूलो मात्रामा छुट्याइएको सशर्त अनुदान निर्धारित कामका लागि मात्र खर्च गर्न पाइने भएकाले प्रदेश तथा स्थानीय सरकारको खर्च गर्ने क्षमता वृद्धि भएसँगै क्रमशः सशर्त अनुदान हिस्सा घटाउँदै समपूरकलगायत अन्य अनुदानको हिस्सा बढाउँदै जान आवश्यक देखिएको छ ।

विश्व बैंकद्वारा तयार यस प्रतिवेदनले नेपालको वित्तीय संघीयतामा भएका प्रगतिको विस्तृत समीक्षा गरेको छ । संघीय सरकारद्वारा विगतमा सञ्चालित आयोजना पछिल्लो चरणमा प्रदेश तथा स्थानीय सरकारहरूमा हस्तान्तरण भई कार्यान्वयन भइरहेको छ ।

स्थानीय सरकारमातहत कार्यरत शिक्षक तथा स्वास्थ्य क्षेत्रमा कार्यरत प्राविधिक कर्मचारीको तलबभत्ता हाल सशर्त अनुदानमार्फत भुक्तानी हुने अल्पकालीन व्यवस्थाले सुरुका वर्षहरूमा सशर्त अनुदानको हिस्सा केही बढी देखिएता पनि क्रमशः यसमा सुधार हुने प्रतिवेदनमा उल्लेख छ । अर्थ मन्त्रालयका राजस्व सचिव डा रामप्रसाद घिमिरेले ती सुझाव राष्ट्रिय विकास योजनासँग मेल खाने र यसले वित्तीय संघीयतालाई अगाडि बढाउन भइरहेका प्रयासलाई थप सहयोग गर्ने बताए ।

प्रतिवेदनले नेपालमा वित्तीय संघीयता सुदृढीकरणका लागि विगत पाँच वर्षमा गरिएका सुधारका पहलको अवस्था उजागर गर्दै वित्तीय संघीयताका उपलब्धिहरूको अभिवृद्धिमा मद्दत गर्न आवश्यक पर्ने मुख्य सुधारका कार्यहरू पहिचान गरेको छ ।

प्रतिवेदनले यस क्षेत्रमा भएका सुधारको मार्गदर्शन तथा अनुगमनका लागि वित्तीय संघीयताको मार्गचित्र तयार गर्न, अन्तरसरकारी वित्त हस्तान्तरण प्रणालीलाई अझ बढी सुदृढ बनाउन र प्रदेश तथा स्थानीय तहमा सार्वजनिक वित्तीय व्यवस्थापन कार्यसम्पादनसम्बन्धी एकीकृत डाटाबेस स्थापना गर्न सुझाव दिएको छ । साथै यसले तीनै तहका सरकारमा रहेका समवर्ती र साझा अधिकारहरूका बारेमा स्पष्टताका लागि कानुनी व्यवस्थामा संशोधन एवं परिमार्जन गर्न, सार्वजनिक वित्तीय व्यवस्थापनसम्बन्धी कार्यसम्पादनका लागि प्रदेश तथा स्थानीय सरकारका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न र बजेटको थप विश्वसनीयता र प्रदेश तथा स्थानीय सरकारको सेवा प्रवाहमा सुधार ल्याउन यससम्बन्धी प्रणालीलाई सबल तुल्याउनसमेत सुझाव दिएको छ ।

# नेप्से परिसूचकमा सामान्य वृद्धि

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक सामान्य अंकले उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक पाँच अंकले उकालो लागेर दुई हजार ४२ दशमलव शून्य सातमा पुगेको छ ।

ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ३० अंकले ओरालो लागेर तीन सय ८३ दशमलव ३९ अंकमा सिमित भएको छ । कारोबार भएका कूल १३ उपसमूह मध्ये छ उपसमूहको सेयर मूल्य उकालो लाग्दा सात उपसमूहको सेयर मूल्यमा भने गिरावट भएको छ । कूल ७८ लाख ९६ हजार चार सय ७८ कित्ता सेयर रू तीन अर्ब १६ करोड २८ लाख १० हजार आठ सय ४३ मूल्यमा कारोबार भएको छ ।

नेप्सेका अनुसार कारोबार आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । उक्त कम्पनीको रू १७ करोड ९३ लाख ४६ हजार बराबरको कारोबार भएको छ । यस्तै, सोल्टी होटल रू १६ करोड चार लाख दुई हजार आठ सय ८१, नेपाल लाइफ इन्स्योरेन्स रू १४ करोड ९१ लाख १७ हजार एक सय ६१, आइजीआई पुडेन्सियल इन्स्योरेन्स रू ११ करोड ६१ लाख ८७ हजार तीन सय एक र हिमालयन डिस्टिलरी रू नौ कराड ३४ लाख ९४ हजार चार सय ८९ बराबरको कारोबार भइ शीर्ष पाँच भित्र पर्न सफल भएका छन् ।

सिटी होटल नौ दशमलव ९७, अभियान लघुवित्त नौ दशमलव २०, बिपीडब्ल्यू लघुवित्त आठ दशमलव २०, कालिका लघुवित्त आठ दशमलव शून्य छ र सोल्टी होटलका लगानीकर्ताले छ दशमलव ८२ प्रतिशतले कमाएका छन् । भूगोल इनर्जी पाँच दशमलव ८६, मल्टप्रपोज फाइनान्स कम्पनी तीन दशमलव ८८, मिर्मिरे लघुवित्त तीन दशमलव ८१, साधना लघुवित्त तीन दशमलव ८१, एनएमबी माइक्रोफाइनान्सका लगानीकर्ताले तीन दशमलव ४१ प्रतिशतले गुमाएका छन् ।

# सानिमा जिआइसी इन्स्योरेन्सको साधारणसभा




**काठमाडौं (प्रस)–** सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेडको पाँचौ वार्षिक साधारण सभा सम्पन्न भएको छ । कम्पनीका अध्यक्ष कुनाल कयालको अध्यक्षतामा अमृतभोग, कालिकास्थान, काठमाडौंमा सम्पन्न भयो ।

उक्त सभामा आ.व २०७८/०७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्षले नेपाल वित्तिय प्रतिवेदनमान बमोजिमको वित्तीय विवरण पेश गर्नुका साथै सभाले सो प्रस्ताव सर्वसम्मत रूपमा पारित गरेको छ । त्यसैगरी आगामी आ.व. २०७९/०८० का लागि कम्पनीको वार्षिक लेखा परिक्षकमा एन.अमात्य एण्ड कम्पनी, चार्टर्ड एकाउण्टेण्टस्लाई नियुक्त गर्न संचालक समितिको प्रस्ताव सभाले सर्वसम्मत रूपमा पारित गरेको छ ।

यस सभाबाट कम्पनीका संस्थापक सेयरधनीहरूको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरूमा क्रमश कुनाल कयाल, दिलिप श्रेष्ठ र मिता मुरारका अग्रवाल निर्विरोध निर्वाचित हुनुका साथै सर्वसाधारण सेयरधनीहरूको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३(तीन) जना सञ्चालकहरूमा क्रमश डा. हेमन्त कुमार दवाडी, प्रकाश मान श्रेष्ठ र सरस्वती गौतम (ज्ञवाली) निर्विरोध निर्वाचित भएका छन् ।

साथै यस कम्पनीले आफ्नो ध्यान अझ उत्कृष्ट सेवा दिनमा केन्द्रित गरी ग्राहकहरूको मन जित्दै आफ्नो व्यवसाय थप विस्तार गरी देशको अर्थतन्त्रमा महत्वपूर्ण भुमिका निर्वाह गर्न त्रियाशिल रहने प्रतिबद्धता ब्यक्त गर्नुका साथै अध्यक्षले सभामा उपस्थित सम्पूर्ण सेयरधनी महानुभावहरू तथा कर्तव्यनिष्ठ कर्मचारीहरूलाई हार्दिक धन्यवाद प्रदान गर्दै सभाको विर्सजन गरे ।

# लक्ष्यनजिक 'उज्यालो गण्डकी प्रदेश'

■ रामबहादुर थापा

**गण्डकी–** गण्डकी प्रदेशका शून्य दशमलव पाँच प्रतिशत घरधुरी मात्र बिजुलीको पहुँचबाहिर छन् । प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको तथ्यांकअनुसार ९९ दशमलव ५० घरमा विद्युत् सेवा पुगेको छ । छुटेका घरधुरीमा बिजुली पुर्‍याएर 'उज्यालो गण्डकी प्रदेश' घोषणा गर्ने तयारीमा प्रदेश सरकार छ । प्रदेश स्थापनापछि विसं २०७४ मा गठित सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले दुई वर्षभित्र सबै घरमा बिजुली बाल्ने निर्णय गरेको थियो ।

बर्सेनि सरकारको नीति तथा कार्यक्रम र बजेटमा समेटिँदै आएको 'उज्यालो गण्डकी प्रदेश'को लक्ष्य यो वर्ष पूरा हुन लागेको हो । सरकारको आव २०८०/८१ को नीति तथा कार्यक्रममा पनि यस विषयलाई समावेश गरिएको छ । मन्त्रालयका प्रवक्ता दीपा गौतमले प्रदेशमा विद्युत् सेवाको पहुँचलाई आधार मान्दा अहिले नै उक्त घोषणा गर्न सकिने अवस्था रहेको बताए ।

'पछिल्लो आर्थिक सर्वेक्षणअनुसार दुई हजार आठ सय ८४ घरमा मात्र बिजुली नपुगेको देखिन्छ, तीनको पहिचान गर्ने र सेवा विस्तार गर्ने काम भइरहेको छ,' उनले भने, 'उज्यालो गण्डकी प्रदेश कहिले घोषणा गर्ने भन्ने विषय मन्त्रालयको नेतृत्व र सरकारको निर्णयमा भर पर्छ ।' सरकारी संयन्त्रबाट पहिचान हुन नसकेका अवस्थामा बिजुली नपुगेका घरधुरीलाई स्वघोषणा गरेर आउनसमेत मन्त्रालयले सूचित गरेको छ । नेपाल विद्युत् प्राधिकरणको १३ वटा वितरण केन्द्रमार्फत प्रदेशका ११ वटै जिल्लामा विद्युतीकरण गरिएको हो । राष्ट्रिय प्रसारण लाइन पुग्न नसकेका ठाउँमा लघुजलविद्युत् र घरेलु सौर्य ऊर्जामार्फत बिजुली बालिएको प्रवक्ता गौतमले बताए ।

'लघु जलविद्युत् पनि नभएको ठाउँमा घरेलु सौर्य ऊर्जा जडानका लागि प्रदेश सरकारले अनुदानसमेतको व्यवस्था गरेको छ,' उनले भने, 'अहिलेसम्म बिजुली नै नपुगेका घरधुरी पहिचान गर्न नेपाल विद्युत् प्राधिकरण र स्थानीय तहसँग पनि समन्वय गरिरहेका छौँ ।' मन्त्रालयको ऊर्जा शाखा प्रमुख तथा ई. जीवन श्रेष्ठले बागलुङ, तनहुँ र नवलपुरका केही ठाउँमा विद्युत् सेवा पुग्न बाँकी रहेको बताए ।

उनका अनुसार बागलुङको ढोरपाटन-६ का तीन सय बढी घरधुरी अहिले पनि उज्यालोबाट वञ्चित छन् । आउँदो असारभित्रै सबै घरधुरीमा बिजुली पुर्‍याउने मन्त्रालयको लक्ष्य छ । ऊर्जा शाखाका अनुसार प्रदेशका पाँच लाख ७४ हजार सात सय ९८ घरधुरी विद्युत् सेवाको पहुँचमा छन् । तीमध्ये राष्ट्रिय प्रसारण लाइनको योगदान ९५ दशमलव ६८ प्रतिशत छ भने बाँकी लघुजलविद्युत, नवीकरणीय ऊर्जा आदिको छ ।

राष्ट्रिय प्रसारण लाइनमा नजोडिएका मुस्ताङ, मनाङ, म्याग्दी र गोरखाका सात स्थानीय तहका एक हजार दुई सय पाँच घरधुरीमा प्रदेश सरकारको ७५ प्रतिशत अनुदानमा घरेलु सौर्य ऊर्जा जडान गरिएको मन्त्रालयले जनाएको छ । यस्तै संस्थागत सौर्य ऊर्जा जडान कार्यक्रमबाट विभिन्न जिल्लामा गरी कूल एक सय ६२ किलोवाट क्षमताको सौर्य ऊर्जा जडान गरिएको छ । प्रदेशमा रहेका ९० वटा लघुजलविद्युत् आयोजनाबाट तीन हजार दुई सय ९५ किलोवाट बिजुली उत्पादन भइरहेको छ । यससबाट १५ हजार चार सय ४० घरधुरी लाभान्वित भएका छन् ।

विद्युत् प्रसारण लाइन सुधारका लागि तीस हजार चार सय ८१ वटा काठका जीर्ण पोल हटाई पक्की पोल राखिएको छ । स्थानीय तहसँगको साझेदारीमा प्रदेश सरकारले ७० हजार त्यस्ता जीर्ण पोल हटाएर नयाँ राख्ने लक्ष्य लिएको हो । प्रदेश सरकारले आफ्नै ऊर्जा रणनीति बनाउन तयारी गरेको छ ।

प्रदेश नीति तथा योजना आयोगका सदस्य डा सुवास अधिकारीले 'उज्यालो गण्डकी प्रदेश' कार्यक्रमका लागि थप रु पाँच करोड बजेट चाहिने बताए । 'विद्युत् सेवामा गण्डकी प्रदेश लक्ष्यनजकि छ, छुटेका घरधुरी पहिचान गरेर बिजुली पुर्‍याइन्छ,' उनले भने, 'नीति तथा कार्यक्रममा आइसकेको छ, बजेटमा पनि यो समेटिन्छ ।'

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ